## रोकिएन चिकित्सक आन्दोलन

काठमाडौं-आन्दोलतरत सरकारी चिकित्सकले हिजो पनि अस्पतालको प्राङगणबाट नगारिकलाई स्वास्थ्य सेवा प्रदान गरेका छन् । कर्मचारी समायोजन प्रति असन्तुष्ट सरकारी चिकित्सकहरुले चैत्र २२ देखि ओपीडी सेवा ठप्प पारेका थिए । ओपीडी सेवा ठप्प पारेको छैठौं दिनसम्म पनि सरकारले वार्ताको कुनै पनि पहल नगरेपछि अस्पतालको प्राङ्गणबाट सेवा प्रदान गरिएको हो । वीर अस्पताल र राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका बाँकी ८ पेजमा

जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित) साप्ताहिक

## साइकल बाटो बन्ने

काठमाडौं । ललितपुर महानगरपालिका साइकलमैत्री महानगर हुने भएको छ । यसका लागि महानगरले पहिलो चरणमा कुपण्डोलदेखि लगनखेलसम्म साइकल बाटो बनाउने भएको छ । साइकल बाटो बनाउन महानगरले आर्थिक वर्ष २०७५/७६ मै ५० लाख रुपैयाँ बजेट छुट्याएको मेयर चिरीबाबु महर्जनले बताएका छन् ।

साइकलमैत्री महानगर बनाउन महानगरपालिकाले कानुन निर्माण समेत गर्ने भएको छ । यसका लागि महानगरले नेपाल साइकल सोसाइटीलाई डिजाइन, बजेट लगायतका बाँकी ८ पेजमा

वर्ष ७ अंक ५०, २०७५ साल चैत २९ गते शुक्रबार, नेपाल संवत् ११३९ (April 12, 2019) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

# भारतमा निर्वाचन, नेपालमा चर्चा

काठमाडौं । छिमेकी मुलुक भारतमा हिजो (११ अप्रिल) देखि संसदको तल्लो सदन लोकसभाका लागि निर्वाचन सुरु भएको छ । भारतमा सुरु भएको आमनिर्वाचनले नेपालको राजनीतिक क्षेत्रमा उत्तिकै चर्चा पाइरहेको छ। नेपालका शीर्ष राजनीतिक दलहरुमा भारतीय प्रभाव हावी भएका कारण आमनिर्वाचनलाई चासोका साथ हेरिँदैछ। नेपालमा बढ्दै गएको वैदेशिक हस्तक्षेपसँग पनि भारतीय निर्वाचनको खास अर्थ छ । किनकि नेपालको आन्तरिक मामिलामा सबैभन्दा बढी हस्तक्षेप गर्ने मुलुक भारत नै हो । नेपाल एक सार्वभौम स्वतन्त्र र स्वाधीन मुलुक भए पनि भारतले नेपालप्रति विहारको विस्तारित भूभाग ठान्दै हेपाहा र हैकमवादी व्यवहार गर्दै आएको छ । छिमेकीलाई प्राथमिकता दिएको भारतीय जनता पार्टी नेतृत्वको मोदी सरकारले भूकम्पले थिलथिलो भएको नेपालमाथि अघोषित आर्थिक नाकाबन्दी लगाएर दुःख दिएको नेपाली जनताले बिर्सिएका छैनन् । फेरि पनि भारतमा मोदी अहंमतावादको दोसो कालखण्ड सुरु हुने हो कि भन्ने चिन्ताका कारण पनि



भारतीय निर्वाचनको सन्दर्भले घनीभूत चर्चा पाएको बुझ्न सकिन्छ ।

पहिलो चरणमा नेपालसँग सीमा जोडिएका विहार र उत्तर प्रदेशका विभिन्न क्षेत्रसहित आन्ध्र प्रदेश, अरुणाचल, आसाम, छत्तीसगढ, सिक्किम उत्तराखण्ड लगायतका राज्यमा निर्वाचन सम्पन्न भएको छ । सात चरणमा हुने निर्वाचन मे १९ मा सकिने र २३ मेमा परिणाम आउनेछ । ५४५ सदस्यीय लोकसभामा ५४३ सिटका लागि प्रत्यक्ष निर्वाचन क्षेत्रमा सबैभन्दा बढी मत ल्याएर विजयी हुने (एफपीटिपी) प्रणालीबाट चुनाव हुन्छ । निर्वाचनबाट प्रतिनिधित्व हुन नसके बेलायती मूलका दुई जनालाई भारतीय समुदायबाट राष्ट्रपतिले मनोनयन गर्ने व्यवस्था छ । भारतीय निर्वाचन आयोगको तथ्यांक अनुसार हालको निर्वाचनमा मत दिन ९० करोड मतदाता योग्य छन् । यो संख्या सन् २०१४ को निर्वाचनभन्दा झन्डै साढे आठ करोड बढी हो । सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) नेतृत्वको राष्ट्रिय लोकतान्त्रिक गठबन्धन (एनडीए) र भारतीय राष्ट्रिय कांग्रेस नेतृत्वको संयुक्त प्रगतिशील गठबन्धन (युपिए) बीच कडा प्रतिस्पर्धा छ । उत्तर प्रदेशको राजनीतिमा प्रभाव जमाएका मायावती नेतृत्वको बहुजन समाज पार्टी र अखिलेस यादव नेतृत्वको समाजवादी पार्टीको तेस्रो गठबन्धन पनि छ जसले आफूलाई महागठबन्धन भनेको छ । कम्युनिस्टहरुको गठबन्धन पनि प्रतिस्पर्धामा छ । भारतीय माओवादी पार्टीले चुनावमा भाग लिएको छैन । छत्तीसगढमा बम पड्काएर भाजपाकमा विधेयकसहित पाँच सुरक्षाकर्मीको हत्या गरेर माओवादीहरुले आफ्नो उपस्थिति रहेको जनाउ भने दिएका छन् ।

भारतमा केही समययता चुनावी गठबन्धनको अभ्यास संस्थागत भएको छ । नेपाली राजनीतिक दलले पनि गठबन्धन अभ्यास सुरु गरेका छन् । एमाले र माओवादी केन्द्रबीचको गठबन्धनले गत स्थानीय प्रादेशिक र संघीय संसदको निर्वाचनमा बहुमत ल्याएको थियो । भारतमा सन् १९७७ मा जनता पार्टीको विजयपछि सुरु भएको शासकीय अस्थिरता १९८८-८९ को अवधिमा पराकाष्ठमै पुग्यो । ती दस वर्षमा पाँच पटक चुनाव भयो । सन् १९९१ म एकपटक कांग्रेसले बहुमत ल्याएर सरकार पाँच वर्ष टिक्यो । त्यसपछि कुनै दलले बहुमत ल्याउन सकेनन् । गठबन्धन सरकार बने तर साट पटक फेरिए ।

सन् १९९८ मा अटलविहारी बाजपेयी करिब दुई साताका लागि मात्र प्रधानमन्त्री भए । सन् १९९८ मा भाजपाले चुनावपूर्व एनडीए बनायो र १९९९ को चुनावमा बहुमत पनि हासिल गऱ्यो । सन् २००४ मा कांग्रेसले युपीए बनायो । सन् २००४ र २००९ का दुवै चुनाव पनि जित्यो । त्यसयता भारतमा गठबन्धन राजनीतिको विकास भएको छ । दुवै गठबन्धनले दुई दुई पटक सरकारको नेतृत्व गरिसकेका छन् ।

भौगोलिक हिसाबले भारत विश्वको सातौं ठूलो देश हो । २२ वटा सरकारी भाषाका अतिरिक्त हजारौं बोलीचालीका भाषा बोलिने भारतमा करोडौं जनता आज पनि निरक्षर बाँकी ८ पेजमा

## फेरि निहुँ खोज्दै राजपा

काठमाडौं । संघीय सरकारलाई दिएको समर्थन फिर्ता लिएको राष्ट्रिय जनता पार्टी (राजपा) नेपालले संविधान संशोधनसहित विभिन्न माग गर्दै सरकारविरुद्ध आन्दोलनको घोषणा गरेको छ ।

काठमाडौं बबरमहलस्थित राजपा नेपालको केन्द्रीय कार्यालय मधेस भवनमा बसेको अध्यक्ष मण्डलको बैठकले सरकारविरुद्ध आन्दोलन घोषणा गरेको हो । अध्यक्ष मण्डलका संयोजक शरतसिंह भण्डारीले नेपाली जनताको माग पूरा गराउन आन्दोलन घोषणा गरिएको बताए । 'सरकारले नेपाली जनताको माग पूरा गर्न सकेन, हामी बाध्य भएर आन्दोलन घोषणा गर्नुपरेको हो,' संयोजक बाँकी ८ पेजमा

## नेपाली एकता मञ्चमा उप्रेती



सिओल । नेपाली एकता मञ्च (ओएनयुएफ) को फरान, सुवन क्षेत्र कोरियाको क्षेत्रीय अधिवेशनले मदन उप्रेतीको अध्यक्षतामा नयाँ नेतृत्व चयन गरेको छ । २०१९ अप्रिल ७ मा फरानको लालीगुराँस रेस्टुराँको सभा हलमा भएको कार्यक्रम डम्बर साउदको सभापतित्व र पुरुषोत्तम गौतमको सञ्चालनमा सम्पन्न भएको थियो । त्यस क्षेत्रमा कार्यरत ठूलो संख्यामा नेपालीहरु उपस्थित रहेको कार्यक्रममा नेपाली एकता मञ्च कोरियाका संयोजक परशुराम सापकोटाको प्रमुख आतिथ्यता रहेको थियो । भरतपुर महानगर वडा नं. ४ का वडाध्यक्ष हरि आचार्य विशेष अतिथिको रुपमा बाँकी ८ पेजमा

## कहालिलाग्दो व्यापारघाटा

काठमाडौं । आर्थिक वर्ष २०७५।७६ सात महिने अवधिमा नेपालको वैदेशिक व्यापारघाटा साढे ७ खर्ब पुगेको छ । व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०७५।७६ को सात महिनामा नेपालको वैदेशिक व्यापारघाटा ७ खर्ब ८० अर्ब १९ करोड रुपैयाँ पुगेको हो ।

गत आर्थिक वर्षको २०७४।७५ को सात महिनाको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा नेपालको वैदेशिक व्यापारघाटा २४ दशमलव ३ प्रतिशतले वृद्धि भएको तथ्यांकले देखाएको छ । केन्द्रको तथ्यांक अनुसार चालु आर्थिक वर्षको सात महिनामा विभिन्न देशसँग ८ खर्ब ८६ अर्ब ३५ करोड रुपैयाँ वैदेशिक व्यापार भएको छ । जसमध्ये नेपालले विभिन्न देशबाट ८ खर्ब ३३ अर्ब २७ करोड मूल्यको वस्तु आयात गरेको छ भने जम्मा ५.३ अर्ब ८० करोड मूल्यको वस्तु निर्यात गरेको छ। २०७५।७६ सोही अवधिमा नेपालको वैदेशिक व्यापार २२ दशमलव ७ प्रतिशतले बढेको छ । केन्द्रका अनुसार गत वर्षको तुलनामा नेपालको निर्यात १२ दशमलव ४ प्रतिशतले बढेको छ भने आयात २३ दशमलव ४ प्रतिशतले बढेको छ ।

गत आर्थिक वर्ष २०७४।७५ को सात महिनाको सोही अवधिको तुलनामा चालु आर्थिक १५ दशमलव ४ प्रतिशत निर्यात बढे पनि आर्थिक बाँकी ८ पेजमा

## नागरिकता विधेयकको विरोधमा हातेसाङ्लो

काठमाडौं । नागरिकता विधेयकविरुद्ध संघर्ष समन्वय समितिले गत चैत २४ गते माइतीघर मण्डलामा हातेसाङ्लो प्रदर्शन गर्दै राष्ट्रघाती विधेयक फिर्ता गराउन सरकारलाई दबाब दिएको छ । नेकपा मसाल, नेकपा (माले), राष्ट्रिय जनमोर्चा, जनसमाजवादी पार्टी नेपाल, पुष्पलाल अध्ययन समाज र राष्ट्रिय जागरण परिषद् नेपालले संयुक्त रुपमा विरोध प्रदर्शन गर्दै आएका छन्। माइतीघर मण्डलाको हातेसाङ्लो कार्यक्रममा राष्ट्रघाती विधेयकका विरुद्धमा नारा लगाउनका साथै राजनीतिक दलका नेता र सामाजिक अभियन्ताहरुले मन्तव्य प्रस्तुत गर्दै विधेयक फिर्ता लिन र गृह मन्त्रालयको सर्कुलर तत्काल खारेज गर्न जोडदार अपिल गरेका छन् । ०६२।६३ को जनआन्दोलनपछि तत्काल वितरण गरिएका जन्मसिद्ध नागरिकताको प्रमाणपत्र ७५ प्रतिशतसम्म किर्ते र नक्कली कागजातका आधारमा




बाँडिएकाले त्यसको वास्तविक छानबिन नगरी संसदमा विधेयक पेश हुनु र संसदलाई छलेर गृह मन्त्रालयको सर्कुलरदेखि जन्मसिद्धका सन्तानलाई हतारमा वंशजको नागरिकता बाँड्न थालेर सरकार कसलाई खुस पार्न खोज्दैछ ? भनेर वक्ताहरुले प्रश्न उठाएका थिए ।

नेपाललाई फिजीकरण र सिक्कमीकरण गर्ने भारतीय योजना बमोजिम नेपालको हरेक परिवर्तनपछि नागरिकताको प्रश्न उठ्ने गरेको र नागरिकताबारे बखेडा झिक्न भारतबाट नेपाल प्रवेश गरी अंगीकृत नागरिकता लिने व्यक्तिहरु नै सक्रिए रहेकाले नागरिकता किन र कसको स्वार्थमा बाँडिदैछ भन्ने कुरा स्वतः प्रस्ट हुनेछ । मधेस विखण्डनको नारा घन्काउनेहरु पनि किर्ते नागरिकता लिने नै सक्रिय रहेको र किर्तेका सन्तानलाई वंशजको नागरिकता दिएर प्रधानमन्त्री, राष्ट्रपति, सेनाप्रमुख लगायत राज्यको सर्वोच्च पदहरुको ढोका खोल्ने प्रयास भएकोमा वक्ताहरुले सरकारको भण्डाफोर गरेका छन् ।

देशलाई छिट्टै सिक्किम, फिजी बनाउन विदेशी बाँकी ८ पेजमा

## एकतर्फी सडक दुईतर्फी हुने

काठमाडौं । बढ्दो सवारी चापका कारण राजधानीका अधिकांश स्थानमा लामो समय ट्राफिक जाम पर्छ । 'पिक आवर' (बिहान ९-११ र साँझ ४-६ बजे) जाम हुने मुख्य स्थानमा कति सवारी गुड्छन् भन्ने तथ्यांक थिएन । काठमाडौं महानगरपालिका सहरी योजना आयोगले अहिले 'पिक आवर'मा गुड्ने सवारी संख्या पत्ता लगाएको छ ।

यातायात क्षेत्रका विज्ञसहितको टोलीले महानगरका कोटेश्वर, थापाथली र टुँडिखेल आसपासको सडकमा सवारी चापको तथ्यांक संकलन गरेको छ । आयोगको प्रतिवेदनअनुसार उपत्यकामा चारपांग्रे सवारीको तुलनामा तेब्बरभन्दा बढी दुईपांग्रे सवारी गुड्ने गरेका छन् । विज्ञसहितको टोलीले पिक आवरमा चाप बढी हुने क्षेत्रमा गएर सूक्ष्म अध्ययन गरेको काठमाडौं महानगरपालिका सहरी योजना आयोगका अधिकृत सुशील सुवेदीले बताए । 'बिहान ९ देखि ११ र साँझ ४ बजे देखि ६ बजेम्म सवारी चाप धेरै हुने रहेछ,' उनले भने, 'त्यही समयमा टोलीले उपयुक्त विधि प्रयोग गरेर सवारी संख्या गिन्ती गरेको हो ।'

टोलीले रत्नपार्कबाट देब्रे र दाहिने मोडिने सवारीको अध्ययन गरेको थियो । देब्रे मोडिनेले जाम नबढाउने, तर दाहिने मोडिनेले जाम बढाएको निष्कर्ष आयोगले निकालेको छ । ट्राफिक प्रहरीसँग छलफल गरेर आसपासमा जथाभावी दाहिने मोड्न नदिने व्यवस्था गर्ने तयारी आयोगको छ । 'पिक आवरमा एउटा मोटरसाइकल दाहिने मोडिँदा लाग्ने ३० सेकेन्डका कारण तीन सय गाडी रोकिने रहेछन्,' सुवेदीले भने, 'त्यसैले अफिस टाइममा जथाभावी दायाँ मोड्न निषेध गर्न ट्राफिक प्रहरीसँग छलफल गर्छौं ।' जेब्राक्रसमा मानिसले बाटो काट्दासमेत जाम बढ्ने गरेकाले अर्को चरणमा मानिसले बाटो काट्दा कति जाम बढ्छ भनेर अध्ययन गर्ने उनले बताए ।

### कहाँ कति सवारी गुड्छन् ?
### भक्तपुरबाट कोटेश्वरतर्फ

पिक आवरमा प्रतिमिनेट ८० मोटरसाइकल र २७ गाडी गुड्छन् । बिहान १३ हजार तीन सय ४७ मोटरसाइकल र तीन हजार पाँच सय गाडी तथा साँझमा पाँच हजार नौ सय ७८ मोटरसाइकल र ६ हजार चार सय ६८ गाडी चल्छन् ।

बाँकी ८ पेजमा

समय-सन्दर्भ

## राष्ट्रियताको सुरक्षामा नेपाली सेनाको भूमिका

**बुद्धिनारायण श्रेष्ठ**

भ्रमणकर्ता तथा पर्यटकहरू एक देशको भू-भागबाट अर्को देशको भू-खण्डमा अन्तर्राष्ट्रिय सीमापार गरी अर्को मुलुकमा प्रवेश गर्न दिने कार्यलाई सीमा व्यवस्थापन भनिन्छ । अन्तर ाष्ट्रिय सीमारेखाले एकअर्को देशबीच सांकेतिक पर्खालको काम गरेको हुन्छ । यसलाई तोकिएको निकाय अर्थात अध्यागमन तथा सेनाबाट सुरक्षित संरक्षित गरिएको हुन्छ । आफ्नो देशको सीमारेखाभित्र त्यस राष्ट्रका नागरिकले आफ्नो सार्वभौम अधिकारको उपभोग गर्न पाउँछ भने निश्चित सीमारेखा पारगरेपछि अर्को देशको सार्वभौमिकता सुरु हुन्छ । एक देशभित्र एक किसिमको सीमा व्यवस्थापनको तौर-तरिका निर्धारित गरिएको हुन्छ भने अन्तर्राष्ट्रिय सीमा नाघेर गएपछि अर्कै प्रकारको व्यवस्थापन तथा चालचलनमा भिज्नुपर्ने पनि हुन आउँछ । जब एक देशको सीमापार गरेर अर्को छिमेकी मुलुकभित्र प्रवेश गरिन्छ- पहिलो देशको मुद्रा अमान्य हुनसक्छ, भाषा फरक पर्न जान्छ, सर-सामानको भन्सार महसुल तिर्नपर्ने हुन्छ, व्यवस्थापकीय नियमावली बेग्लै प्रकारको हुनसक्छ ।

विश्वका विभिन्न देशका बीच विभिन्न प्रकारको सीमा व्यवस्थापन पद्धति रहेको छ । यस्ता पद्धतिहरूमध्ये अन्तर्राष्ट्रिय स्तरमा तीन प्रकारको सीमा प्रणाली अर्थात् खुला सीमा, नियमित सीमा, बन्द सीमा प्रणाली अवलम्बन गरिएको पाइन्छ । नेपाल र भारतबीच खुला सीमा व्यवस्था अपनाइएको छ भने चीनसँग नियमित (रेगुलेटेड) पद्धति अवलम्वन गरिएको छ ।

नेपाल र भारतबीचको विद्यमान खुला सीमा व्यवस्थापनले दुई देशका जनतालाई आवागमन गर्न सुविधा पुऱ्याएको छ भने अर्कोतर्फ देशका निम्ति कतिपय जटिलता तथा शान्ति सुरक्षा अमनचैन कायम राख्न दुवैतर्फ समस्या सिर्जना पनि भएको छ । उदाहरणार्थ, एक देशमा अपराध गर्छन्, बिनारोकटोक त्यस्ता अपराधी अन्तर्राष्ट्रिय सीमा पार गर्छन् र अर्को दशेमा लुकिछिपि बस्छन् । खुला सीमा व्यवस्थाका कारणले अन्तर-सीमा आतंककारी गतिविधि बढेको, अवैध हातहतियार ओसार-पसार हुने गरेको, लागू पदार्थ ल्याउने-लैजाने, चेलीबेटी बेच-बिखन भएको, मालसामान र मेसिनरी औजार तस्करी तथा चोरी निकासी हुने गरेको, व्यक्ति अपहरण भएको, बसाई-सराइ वृद्धि भएको, भन्सार राजश्व संकलनमा चुहावट भएको, चोरी-डकैती, हत्या-बलात्कार तथा विध्वंसात्मक गतिविधि बढेको पनि महसुस भएको छ ।

खुला सीमा व्यवस्थाले उब्जाएका यस्ता समस्यालाई नियन्त्रण तथा समाधान गर्न वैकल्पिक व्यवस्था अपनाउन सकिन्छ । यस्ता व्यवस्थामध्ये अन्तर्राष्ट्रिय सिमानामा सेना (सीमा सुरक्षा बल) तैनाथ गर्ने व्यवस्था पनि एक हो । यस्तै, बाँकी ८ पेजमा




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
सम्पादक/प्रकाशक
सुरेन्द्रप्रसाद ढकाल

कार्यकारी सम्पादक
तेजेन्द्र प्रसाईं

प्रबन्ध सम्पादक
कृष्णराज दुलाल

प्रबन्ध निर्देशक
किरण थापा

अतिथि सम्पादक
विष्णु भट्टराई

सहसम्पादक
घनश्याम ओली

सम्पादन सहयोगी : गोविन्द विक

बजार व्यवस्थापन
रामशरण रिमाल

मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## बारा पर्साको हुरीले त संकेत मात्रै दिएको हो

**सुरेन्द्र ढकाल**



कुनै बेला यस्तो थियो मान्छेहरु सबैभन्दा सस्तो ऊर्जा आणविक भट्टीबाट। कैयन देशहरु यसको कारण विकसित र सामरिक रुपबाट शक्तिशाली भएका थिए । जब अप्रिल २५।२६ १९८६ मा चेर्नोविलको आणविक भट्टी पडकेर त्यसबाट निस्केको विकिरणले विश्वलाई नै प्रदूषित गर्दै लाखौंको ज्यान लियो, बल्ल मान्छेहरुले बुझे जति सस्तो उर्जा हुन्छ त्यो त्यतिकै विनाशकारी हुँदो रहेछ भनेर ।

यो चेर्नोविलले राम्रो काम के गऱ्यो भने मानिसहरु विस्तारै पर्यावरणको विषयमा चिन्ता लिन थाले । त्यतिमात्रै होइन विश्वका धेरै देशहरुमा हरियाली पार्टी भन्दै पर्यावरण प्रेमी नयाँ राजनीतिक विचारधाराले ओतप्रोत भएको पार्टी खोलियो । जस्ले आणविक भट्टीको सट्टा अब जल, सौर्य, वायु, गोवर ग्यासबाट प्राप्त हुने ऊर्जाको प्रयोगमा जनचेतना बढाउन थाल्यो । पृथ्वीको पर्यावरण जोगाउन अन्तर्राष्ट्रिय महासन्धिमा पनि विभिन्न राष्ट्रहरुले प्रतिबद्धतासहित हस्ताक्षर गर्न थाले ।

त्यसै गरी मार्च ११, २०११ मा जापानको तोहोकुमा गएको भुइँचालोको कारण आएको सुनामीले फुकुसिमामा रहेको आणविक भट्टी पड्किन जाँदा त्यसले पनि ठूलै विनाश गऱ्यो । त्यसको लगत्तै जर्मनीमा भएको त्यहाँको संघीय संसदको चुनाव एकाएक हरियाली पार्टी दोस्रो ठूलो पार्टीको रुपमा स्थापित हुन पुग्यो भने यसै दलले गरेको प्रयासस्वरुप जर्मनी अब चाँडै आणविक भट्टी मुक्त देश बन्ने भएको छ । त्यहाँ आमरुपमा हावाको मिल र सरकारले जनताको घरको छाना किनी सोलर प्यानेल जडान गरिदिने र त्यसबाट प्राप्त विद्युतको आवश्यक युनिट त्यसै घरको प्रयोगलाई छोडी बाँकी विद्युत राष्ट्रिय प्रसारणमा (ग्रिड) जोड्ने नीति लिई कार्य गरिरहेको छ । त्यसै गरी इलेक्ट्रिक कारको प्रयोगलाई आमरुपमा विकास गर्ने कार्यको थालनी पनि भएको छ । जर्मनीकै सरकार र सचेत जनता संसारका अरु देशका सरकार जनता पनि हुने हो भने हामीले यो पृथ्वीको आयुलाई लम्ब्याउन सक्छौं र आउने पुस्तालाई प्रदूषण मुक्त सुरक्षित पृथ्वी दिन सक्छौं ।

नेपालमा पनि पहिले पहिले हामी हरियो वन नेपालको धन भन्थ्यौं । तराईमा भएको घना वनजंगलले नेपालको वातावरणलाई सन्तुलित बनाएको हुँदा हाम्रा हिमालहरुमा सदावहार हिउँ हुन्थे अनि यसैको कारण सुख्खा मौसममा पनि हाम्रा नदीहरुमा पानी बग्थे । हाम्रा पुर्खाले कहिले पनि हावाहुरीको आतंक ब्यहोर्न परेन । तर अनियन्त्रित वसाइ सराइको कारण हाम्रा जंगलहरु विस्तारै अतिक्रमणमा पर्न थाले । बढेको जनसंख्याको सोझो दोहन नेपालको वनले खेप्नु पऱ्यो । अर्कोतिर गाउँगाउँमा सडक पुऱ्याउने नाममा गरेको डोजर आतंकको कारण भएको भूक्षयले हिमाल पहाडबाट माटो बढारेर लग्दा ती क्षेत्र मरुभूमिकरण हुन पुग्यो अनि झन त्यसको कारण जनसंख्याको ठूलो अंश तराई झर्न लाग्दा आम रुपमा वनविनाश हुन पुग्यो । विशेष गरी हावाहुरीको आतंकबाट मानव वस्तीलाई बचाउनकै लागि विभिन्न देशहरुमा आमरुपमा वृक्षारोपण हुन्छन् । हामीहरु चाहि धमाधम रुख ढाल्दै घर वारी बनाउन थाल्यौं । हो त्यही कारण अब हामीले भर्खरै बारा पर्सामा आएको हुरी देख्यौं । त्यो त अब शुरुवात हो । त्यस्ता आँधिहरु अब बारम्बार आइरहन्छन् । तराई काठमाडौं द्रुतमार्ग निर्माण भन्दै हामीले त्यस क्षेत्रका लाखौं रुख ढालेको होइन ? नतिजा के आयो त्यो त देखियो नि । अब २७ लाख रुखहरु निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको नाममा फेरि काटिँदैछन भने भोलिको नेपालको पर्यावरणीय दुदर्शा कस्तो होला ? सजिलै अनुमान गर्न सकिन्छ । विनाशकारी हुरी त्यसै आएको होइन । हाम्रो पर्यावरण वैरी विकाशको आकांक्षाले ल्याएको हो । अब पनि जनता र सरकारमा पर्यावरण संरक्षण गरेर मात्र विकाश गर्नुपर्छ भन्ने जर्मनीका जनता र त्यहाँको सरकारमा आएको जस्तो चेतना हामी नेपाली जनता र सरकारमा नआउने हो भने भोलिका दिनहरुमा बारा पर्सामा आएका हुरीहरु पुरै हिमाल, पहाड तराई नआउला भन्न सकिदैन । बारा पर्साको हुरीले त संकेत मात्रै दिएको हो ।

## सम्पादकीय

## सरकारी जमिनको संरक्षण गर


यस साता मिडियामा भूमाफियाले बालुवाटारको ११३ रोपनीभन्दा बढी सरकारी जग्गा गैरकानुनी ढंगले हात लगाई कित्ताबाट समेत गरेर बेचबिखन गरिसकेको समाचारले चर्चा पायो । त्यसैगरी तारागाउँ समिति अन्तर्गतको हायात रिजेन्सी होटलका पार्टनरहरूले ठूलो परिमाणमा सरकारी जग्गा घुमाउरो पाराले निजी बनाइसकेको समाचार पनि सनसनीपूर्ण ढंगले मिडियामा छाएको छ । यी दुवै समाचारका पात्रहरू तल्लो तहका गरिब, दुःखी जनता छैनन् । बरू राज्यको पहुँचवाला ठाउँमा बस्ने व्यक्तिहरू र धनाढ्य व्यापारी रहेका छन् । उच्च प्रशासक, नेता, व्यापारी, भूमाफियाहरूको सहकार्यमा राज्यको अर्बौं सम्पत्तिको जग्गा हडप्ने खेल सम्पन्न भएको छ । यी दुवै ठाउँका सरकारी सम्पत्ति राम्रोसँग छानबिन गरी जोसुकैका हातमा पुगेका भए पनि तत्काल फिर्ता ल्याउन आवश्यक छ ।

सरकारले २०२१ सालमा कांग्रेसका नेता सुवर्णशमशेर राणाको बालुवाटारमा रहेको ललिता निवास र त्यसले चर्चेको २९९ रोपनी ९ आना ३ दाम जग्गामध्ये २८४ रोपनी १४ आना ३ दाम जग्गा मुआब्जा दिई कानुनबमोजिम अधिग्रहण गरेको थियो । प्रजातन्त्रको पुनस्थापनापछि कृष्णप्रसाद भट्टराई नेतृत्वको अन्तरिम सरकारले प्रजातन्त्रको पुनःस्थापनाको संघर्षमा संलग्न भएकै कारण हरण भएका व्यक्तिहरूको सम्पत्ति फिर्ता दिने निर्णय गऱ्यो । यसै निर्णयको अपव्याख्या गरी भूमिसुधार मन्त्रालय, मालपोत कार्यालय भूमाफियाको मिलेमतोमा मुआब्जा तिरिसकेको जग्गा सम्बन्धित व्यक्तिका नाममा कायम गराइदिएको तथ्य स्पष्ट भएको छ । सरकारले मुआब्जा नदिई जबरजस्ती गरेको नभई प्रचलित मूल्यमा मुआब्जा दिएर अधिकरण गरेको जग्गा फिर्ता गर्ने कानुनी व्यवस्था छैन । सरकारको निर्णयको गलत व्याख्या गरी कांग्रेस नेता भरत शमशेरले पनि बबरमहल परिसरभित्रको १२ रोपनी १२ आना २ पैसा जग्गा फिर्ता गराएका छन् ।

सरकारका उच्च पदस्थ कर्मचारी, भूमाफियाहरूको मिलेमतो र चलखेलले अर्बौंको सरकारी सम्पत्ति व्यक्तिलाई फिर्ता दिएर एकै निर्णयमा करोडौं कमाउने तत्कालीन घटनाका सम्पूर्ण पात्रहरूको राम्रोसँग छानबिन गरी कानुनी कठघरामा उभ्याउन आवश्यक छ । यसैगरी बौद्धमा रहेको हायात रिजेन्सी होटलको जग्गा लगानी बढाउने नाममा घुमाउरो पाराले कब्जा गर्ने व्यवसायीहरूको बारेमा तत्काल छानबिन थालिनुपर्छ । पत्रपत्रिकाहरूमा समाचार आएपछि सबैजसो ठूला दैनिक पत्रिकाहरूलाई लाखौंको विज्ञापनको चारो हाली समाचार बन्द गराउने प्रयत्नमा लागेका होटल व्यवसायीहरूको कब्जाबाट जग्गा फिर्ता गराउन आवश्यक छ ।

सरकारी जग्गा हडप्न काठमाडौंमा मात्र होइन, मुलुकभर गिरोह सक्रिय रहेका छन् । मठमन्दिर र गुठीका नाममा रहेका लाखौंलाख रोपनी जग्गा गुठी संस्थानलाई नाम मात्रको बाली बुझाएर पुस्तौंसम्म उपभोग गर्ने र कालान्तरमा गुठीबाट रैकरमा परिणत गराएर एकलौटी पार्ने धन्दा पनि व्यापक रूपमा चलिरहेको छ । नाम मात्रको रकम लिएर गुठीको जग्गा हिनामिना गराउने गिरोहलाई पनि सरकारले निगरानी गर्न आवश्यक छ । सरकारले आफ्नो नाममा भएका सम्पत्ति समेत जोगाउन नसकी रहेको अवस्थामा जनताको जिउधनको कसरी रक्षा गर्छ ? भन्ने गम्भीर प्रश्न समेत उठिरहेको छ । सरकारी जग्गा हडप्ने गिरोह जस्तोसुकै पावरको नकाव पहिरिएर बसेको भए तापनि कानुनी कठघरामा उभ्याउन आवश्यक छ ।

## श्रीमद्भगवद् गीताको सर्बव्यापकता (४)



**जगदीश लामिछाने**
रौतहट, पौराई

प्रथम अध्यायमा पाण्डवतर्फका भीम रक्षक कौरवतर्फका भीष्म रक्षक भन्ने गर्दा विद्वान भीष्म पनि उस्तै उस्तै मानिए । महाभारतकै लडाइँ पनि आलंकारिक धेरैले भनेकै छन् । आलंकारिक मात्रै किन वर्णन गरुँ भनी प्रथम खण्डमा सम्पूर्णता आदि मात्रै लेखी थोरै लेखिएको हो । अर्जुनकै भनाइ यस्तै दैन्यप्रधानै छन् । यसरी छैठौं अध्यायसम्म सकिएकैले अब सातौं अध्याय शुरु गरौं ।

ज्ञानविज्ञानलाई भेद दृष्टिले हेरिरहनु पर्दैन । समन्वय गरेरै राम्रो हुन्छ । अहिले सिद्धितिर लाग्ने हजारौं व्यक्तिहरुमा एउटा हुन्छ । यीमध्येका कुनैले सिद्धि पाउने हुन् । भूमि, जल, वायु, आकाश, अग्नि, बुद्धि, अहंकार तथा मन यी सबै आठ प्रकृति नै थरीथरीका छन् । यी जीव भन्ने वस्तुकै साधन हुन् । ईश्वर चाहिँ संचालक, उत्पादक र संहारक पनि हो । यसैलाई धागामा उनिएको मणी सम्झेर बस्नु पर्दछ *(७)* ।

पानीमा रस, सूर्य र चन्द्रमामा उज्यालो, सबै वेदमा ॐकार, आकाशमा शब्द, मान्छेमा काम गर्ने शक्ति, पृथ्वीमा सुगन्ध, सूर्यमा तेज, जीवमा जीवन र तपस्वीमा तपस्या, बुद्धिमानमा बुद्धि आदि र कामवासनाको रागविनाको बल, धर्म द्वेषी नभएको कामवासना हुनुपर्छ । सत्व, रज र तम गुण पनि ईश्वरबाटै प्राप्त हुने हो । यी तीन गुणले नै विश्व वेष्ठित र मोहित भएर असाध्य माने तापनि ईश्वर प्रेमबाट गुणका बन्धन पार पनि हुन सकिन्छ । होइन भने नजाती काममा, प्राणीहरुको कुभलोमा लागेर अबाटोमा जाँदै गरिन्छ । कुनै दुःख परेर, केही जानौं भनेर केही कुरा पाइन्छ कि भनेर अथवा ज्ञान थाहा पाएरै मान्छेले यी चार किसिमले काम गर्ने हुन् । यीमध्ये चौथो तरिका नै मुख्य हो । यस्ताहरु उदार हुन्छन् र महत्वपूर्ण पनि हुन् । यिनीहरु पुरानो जन्मबाट क्रमशः ज्ञान प्राप्त गर्दै आइरहेका हुन्छन । यस्तो र उस्तोमा मन बरालेर अरुतिर लागेका र बुद्धिको खेलमा जता लग्यो त्यतै जाँदा पनि प्रगतितिरै गएजस्तो लाग्दो हो । सफल भएँ पनि भनियो होला । यस्ता थोरै प्राप्तिले टुंगोमा पुगेको भ्रममा पर्नु हुँदैन । ईश्वर नै महत्वपूर्ण हो भन्ने गरौं । नहुने कुरालाई पनि हुन्छ भनी ठानेर नभै नहुने कुरा पन्छाइन्छ *(२०)* ।

जस्ले जे खोज्छ त्यतैतिर मन लाग्ने हो र प्रयत्न पनि गरिन्छ नै । सानो बुद्धि हुनेहरु नाश हुने कुरातिर लाग्दछन् । अरु देवता खोजेजस्तै ईश्वरलाई खोज्नेहरुले पनि पाएकै छन् । यथार्थ कुरातिर नलागी अकार्थक कुरातिर नलागौं । त्यसो गरियो भने ईश्वर पाएँ भन्ने घमण्डले समेत दुःख देला । यसैलाई पनि माया भनिन्छ । बुझि राखौं, मान्छेहरु अतिव पुराना कुराहरु वर्तमानका कारक तत्वहरु, भोलि हुने कुराहरु पनि ईश्वरले जान्दछ भन्ने कुरा भुल्दछन् । यो केवल सर्वशक्तिमान ईश्वर हो है भन्ने नजानेको र केवल आशा, अनुमान र त्यही आशामा तुषारापातको आभाषले पारेको परिणाम मात्रै हो । यस्तो भ्रममा छिर्नै हुँदैन । ईश्वर छ र गर्छमै निश्चित रहनु पर्दछ । बुढ्याइँ र मृत्युको समेत भ्रममा नपरेर अध्यात्मको मार्गबाट ईश्वर प्राप्त गर्नु पर्दछ । ईश्वर सबै प्राणीमा श्रेष्ठ र सत्धर्मले पाइने वस्तु हो । मृत्युको समयमा पनि काम लाग्छ, यही प्रयास गरिरहनुपर्छ । *(३०)*

*अध्याय ७ समाप्त*

कहिल्यै नाश नहुने ईश्वर हो, त्यतैतिर गइने काम अध्यात्म हो । अरु कर्म मात्रै हो । अन्यत्र बाहिर जाँदा घट्दै गइन्छ । यसरी घट्दै जानु हुँदैन । त्यसै कारण ईश्वर ठूलो भनिएको हो । कुनै कुनै मान्छेले देह छोड्दै गरेको समयमा पनि ईश्वरको स्मरण गर्दै रहन्छ भन्ने हेर्दै गरौं । हामी जे चिताउँदै यो देह छोड्दछौं, त्यतै पुग्दछौं । यसैले ईश्वरको मात्र स्मरणको महत्व झल्किन्छ । यो संसाररुपी युद्धमा यो मन बुद्धि र कर्मलाई सफा गरी सदैव अभ्यास गरेपछि भित्री मन पनि सफा हुँदै जान्छ । विद्वान्हरुले कथाहरुबाट राम्रा राम्रा उदाहरण दिएर सिकाएकै छन् । हामीमा कहिलेकाहीँ आउने अँध्यारोमा पनि सूर्यकै समान बत्ती लिएर प्रसन्नतासाथ ईश्वर सम्झनुपर्छ । विज्ञहरुले मर्ने बेलामा पनि अन्त मन नलगाउ है भनेकै छन । स्थिर बुद्धि राख राम्रो काम गर है भनेका छन् । दुई आँखाका माझमा मन लगाउँदा कहिल्यै नाश नहुने कुरातर्फ केन्द्रित गर्दा विषय वस्तुमा रहेको मोहतर्फ मन राख्नु हुँदैन । यही शक्ति कसैले ब्रह्मचर्यबाट पनि पाउँछन् *(११)*

हाम्रा इन्द्रियका ९ ढोकाहरु नियन्त्रित गरौं । यो मनलाई हृदयतिर फर्काउँ अनि शिरपट्टि मन दिउँ । यही ध्यानको समयमा अ ऊ म अर्थात् ॐ एउटै अक्षरमा मन लगाई यो देहबाट पार पाउँ । सदैव ईश्वरमै मन लगाउनेले यो अवस्था प्राप्त गर्छ र त्यसले फेरि यो दुःखको भुमरीमा पर्नु पर्दैन । यी ब्रह्मा आदि फेरि पनि जन्म लिन आउने हुन् । यस्तो पनि आस नगरौं ।

हजार युगलाई ब्रह्माको एक दिन भनिन्छ । रात पनि त्यति नै हो । दिउँसो सृष्टि हुन्छ । रातमा यी निदाउने नै भए । यो संसार त्यसै गरी अर्को अर्को हुँदै जाला तर जुन कुरो फेरिँदैन त्यो त एउटै हुनै नै हो । त्यसैलाई ईश्वर भनौं ।

आगो ज्योति दिनको समय शुक्लपक्ष र उत्तरायण ऋतु राम्रो हो । त्यतैतिर जाने गरौं । धूवाँ रात्रि कृष्ण पक्ष र दक्षिणायनका ६ महिना र चन्द्रमाकै मात्र रमाइलो मान्नु हुँदैन । यी दुवै बराबर भइरहने समयचक्र हुन् । सदैव ईश्वरमै मन दिने गरौं । यसैलाई योग भनिन्छ । चारै वेदमा तपस्यामा, दानमा र अरु प्राणी हित पुण्य कर्ममा बताइएको कुरो पनि यही हो । यतै जानुपर्छ *(३८)*

*समाप्त आठौं अध्याय*

**स्टालिन र माओको जीवनमा दृष्टि नपुगेका केही दूरगामी सवालहरू** - मनसुन

## जोसेफ स्टालिन–३४

'क्रान्तिको आयात-निर्यात हुँदैन' भनीती नेताहरूले भारतीय क्रान्तिकारीहरूलाई झपारेर पठाए तर रूसी स्टालिनकालीन समाजवादबाट आफूले पाएको चौतर्फी सहयोग भुसुक्कै बिर्सिए ।त्यसैले भारतका असली क्रान्तिकारी कम्युनिस्टप्रतिनिधिहरू निराश भएरफर्किए । त्यसपछि अमेरिकी साम्राज्यवाद र रूसी सामाजिक साम्राज्यवादबाट पालित-पोषित, भारतीय सामन्ती, जमिनदार, प्रतिक्रियावादी वर्गबाट संरक्षित र नोकरशाही तथा समस्त प्रतिक्रियावादी वर्गबाट निर्देशित-नियन्त्रित इन्दिरा सरकारले क्रान्तिकारी योद्धाहरूविरूद्ध कत्लेआम अभियान सञ्चालित गरी लाखौं योद्धा मारिए, लाखौं जेलमा सडे ।श्रीकाकुलमकाआधार क्षेत्र पनि ध्वस्त भए ।

सारमा भन्नुपर्दा सन् १९३० तिर चीनको चिङ काङ सान पहाड आधार क्षेत्र बनेपछि त्यो ज्योति चिनियाँ जनताको मुक्ति र स्वाधीनताको एक प्रकाशपुञ्ज बन्यो । हजारौं हजार सङ्कट, अभाव, बलिदान, जटिल परिस्थिति भए तापनि ती सबैलाई छिचोल्दै चिनियाँ कम्युनिस्ट पार्टीले १९४९ मा पेकिङ कब्जा गरेपछि चीन मुक्त भयो । सत्तरीको दशकमा चीन आर्थिक, भौतिक, सैनिक हरेक दृष्टिले धेरै माथि पुगिसकेको थियो ।

तत्कालीन चिनियाँ कम्युनिस्ट पार्टीले अन्तर्राष्ट्रिय कम्युनिस्ट सम्मेलन गरेर एक उच्च स्तरको अन्तर्राष्ट्रिय पार्टी निर्माण गर्नुपर्थ्यो ।सोभियत रूसका जोसेफ स्टालिनले पूर्वी युरोपेली राष्ट्रहरूको मुक्ति, मङ्गोलियाको मुक्तिमा निर्णायक भूमिका र चीनको मुक्तिमा महत्त्वपूर्ण सहयोग गरेजस्तै समाजवादी चीनले पनि इन्डोनेसिया र भारतलाई सहयोग गर्नुपर्थ्यो ।

रूस, अमेरिका, जापान, युरोपेली मुलुकहरू, भारत, नेपाल, बर्मा, कम्पुचिया, फिलिपिन्स, अस्ट्रेलिया, अफ्रिका, ल्याटिन अमेरिकी राष्ट्रहरू सबैलाई सङ्गठित गरेर विश्वक्रान्तिका लागि आँट र हिम्मत भर्नुपर्थ्यो ।विश्वक्रान्तिका लागि चीनलाई आधार क्षेत्र मानेर क्रान्ति हाँकिनुपर्थ्यो । तर चीनले केवल 'पेकिङ रिभ्यु' मा विश्वका जनताको क्रान्ति र न्यायपूर्ण आन्दोलनको समर्थनमा लेख, सम्पादकीय र नेताहरूका वक्तव्य छाप्नेबाहेक केही गरेन ।

विश्वक्रान्तिलाई स्टालिनले व्यावहारिक रूप दिएझैँ चीनले पनि त्यस्तै कदम चालेको भए चीनमाथि सबै साम्राज्यवादी र प्रतिक्रियावादी शासकहरूले आक्रमण गर्ने थिएनन् ? भन्ने प्रश्न उठ्न सक्छ ।

अवश्य नै चीनले त्यस्तो कदम चाल्दा १८५३-६५ को स्वर्गीय थाई पिङ युद्धमा रूस, अमेरिका, ब्रिटेन, जापान, जर्मनी, फ्रान्स, पोर्चुगललगायत १७ वटा साम्राज्यवादीहरूले आक्रमण गरेझैँ; सन् १९१८-२० सम्म शिशु सोभियत समाजवादी रूसमाथि साम्राज्यवादीहरूको आक्रमण भएझैँ चीनमाथि पनि विश्वका सम्पूर्ण साम्राज्यवादी र प्रतिक्रियावादीहरूको आक्रमण हुन सक्थ्यो । तर ती लुटेराहरूको आक्रमण पानीको फोकोझैँ फुट्थ्यो । सम्पूर्ण राष्ट्रका जनता न्याय, स्वतन्त्रता, समानता र मुक्तिका लागि छटपटाइरहेका थिए, जुन छटपटाहट आजसम्म छँदै छ ।


भारतीय र आसियन मुलुकका करोडौं जनता विद्रोहको मैदानमा ओर्लिएर हतियार उठाइसकेका थिए । तसर्थ सर्वप्रथम एसिया मुक्त हुने थियो र क्रमशःअरू राष्ट्र र महादेशहरू । साम्राज्यवादी अमेरिका र सामाजिक साम्राज्यवादी रूसले आफ्ना ध्वसांत्मक शस्त्रहरूले २-४ करोड जनताको हत्या गर्न सक्थे तर त्यहीँका जनताले विद्रोह गरी त्यसको नामेट पार्ने थिए । किनकि आमअमेरिकी, रूसी, ब्रिटिस, जर्मन,जापानी जनता शान्ति र स्वतन्त्रता चाहन्छन् ।

स्मरणरहोस्, माओ जीवित छउन्जेल चीनको पेकिङ,साङ्घाईजस्ता सहरहरूमा करोडौं जनताले सुरक्षित बस्न मिल्ने भूमिगत स्थल वा सुरूङ तयार गरेका थिए ।तर साम्राज्यवादीहरूको आणविक आक्रमणबाट बच्न बनाइएका तीसुरूङहरू चीनका लागि मात्र भए, विश्वका जनताको मुक्ति र स्वाधीनताका लागिभएनन् । माओलगायतचिनियाँ शिर्षस्थ नेतृत्व राष्ट्रिय र अन्तर्राष्ट्रिय मूल अन्तरविरोध एवं गौण अन्तरविरोधबारे, इतिहासको गति र आवश्यकताबारे,विश्वक्रान्तिबारे रणभुल्लमा पऱ्यो,चिनियाँ राष्ट्रवादमै सीमित भयो ।

(क्रमशः)

# मैले देखेको एकानब्बेऔं विश्व सम्पदाः
# हाइडेलवर्गको प्राचीन शहर र पुल अनि हाइलिगगाइष्ट चर्च

सुरेन्द्र ढकाल



हरियाली हराभरा हाइडेलवर्ग सहर माथिबाट हेर्दा



हाइडेलवर्ग विश्वविद्यालयको अगाडिको मोहोडा




हाइडेलवर्ग सहरको मुख्य स्थल कोर्न मार्केट





हाइडेलवर्ग सहरको मुख्य भागमा अर्मेनिया आएका नेपाली विद्यार्थी मित्रहरूका साथ सुरेन्द्र




पुरानो पुल छिर्ने ढोका अगाडिबाट यस्तो देखिन्छ



सहरको मुटुमा रहेको हाइलिगगाइष्ट चर्च



पुरानो पुलमा सुरेन्द्र सन् १९८९ मा



पुरानो सहरमा सुरेन्द्र सन १९८९ को अक्टोबरमा



सहरभित्रका सफा सुन्दर पुराना गल्लीहरू

हाइडेलवर्गको पुरानो भग्नावशेषसहित दरबार (क्यासल) अवलोकन गरेपश्चात हामी माथि डाँडाबाट हाइडेलवर्गको प्राचीन शहर, प्राचीन पुल र हाइलिगगाइष्ट चर्च अवलोकन गर्न भनी तल मैदानमा रहेको शहरमा झर्‍यौं । यो शहर डाँडामा रहेको हाइडलवर्गको दरबारको ठ्याक्कै काखमा बसेको रहेछ। सन् ११९६ मा स्थापना भएको यो शहरको विकाश माथि डाँडामा रहेको दरबारसँगै भएको रहेछ । नेक्कार नदीको किनारमा एक माइल जति लम्वाइ भएको यो शहर एकातर्फ कार्ल्सटोर (चार्ल्सगेट) र अर्कोतर्फ विस्मार्क स्क्वायरमा पुगेपछि टुंगिदो रहेछ । पैदल नै हिँड्नुपर्ने वाध्यकारी नियम भएको जर्मनीकै सबैभन्दा लामो यो शहर घुम्दा त्यहाँ अति प्राचीन र नयाँ भवनहरुको अचम्मको मिश्रण देखिँदो रहेछ । प्राचीन साँघुरा तथा सफा गल्लीहरु र त्यहाँ भएका बजार, कलाकृति, इतिहास, विज्ञान झल्कने प्रस्तुतिहरु अवलोकन गर्नेको भीड एकातर्फ र मनोरञ्जन लिने, किनमेल गर्ने र सिंगारिएका रेष्टुराँहरु खानेहरुको भीड अर्कोतर्फ देखिदो रहेछ । पूर्व पश्चिम तन्किएको मुख्य सडकका दुवैतर्फ किनमेल गर्ने बजार जस्तो मार्क्ट प्लाच्ज, कोर्न मार्क्ट रहेछन् भने त्यही हाइलिग गाइष्ट (होली घोष्ट)चर्च पनि रहेछ । त्यसबाहेक त्यहाँ फाल्च्ज इलाकाको म्युजियम, सिनागोग स्क्वायर, विश्वप्रख्यात हाइडेलवर्ग विश्वविद्यालय, फ्रेडरिक मेमोरियल र नेक्कार नदीमाथिको पुरानो पुल जस्ता पर्यटकीय स्थल रहेछन् ।

पुरानो पुलको खास नाम चाहिँ कार्य थिओडर रहेछ । नेक्कार नदीमाथिको यो पुल युरोपभरि नै प्रख्यात पुल मानिदो रहेछ । सन् १२५४ मा बनेको यो पुल दुई सय वर्षअघि काठ र ढुंगा प्रयोग गरी जिर्णोद्धार गरिएको रहेछ । पुलको दुवैतर्फ जर्मन विचारक र सुधारकहरुका मूर्तिहरु ठड्याइएको रहेछ । यही पुलबाट दुवै किनारतर्फ हेर्दा हाइडेलवर्ग शहरको हरियालीपूर्ण मनमोहक दृश्य देखिदो रहेछ । पुल प्रवेश गर्ने मध्यकालीन ढोकाको वास्तुशैली आफैंमा अचम्मको रहेछ । यही कारणले गर्दा यो शहरले कलाकार, विचारक, कविहरुलाई रोमान्टिकवादतर्फ आकर्षण गरेको विश्वास गर्दा रहेछन् ।

पैदलै हिँड्दै जाँदा उच्च शिक्षाको लागि विश्वकै नामुद रुपरेख्ट कार्ल विश्वविद्यालयको भवन अवलोकन गर्ने मौका पर्दो रहेछ । अझ अगाडि बढदा हाइडेलवर्गकै पुरानो १३औं शताब्दिमा बनेको गोथिक शैलीको अति सुन्दर चर्च उभिएको देखिदो रहेछ । हाइडेलवर्ग शहरको विश्व लोकप्रियतालाई थोरै शब्दमा वर्णन गर्दा यसलाई विज्ञान र अनुसन्धान, साहित्य र कलाको शहर, जर्मनी पुरानो विश्वविद्यालयको शहर भन्दा रहेछन् । यसलाई अन्तर्राष्ट्रिय ख्यातिप्राप्त शहर यसकारण पनि भनिदो रहेछ की ५६ हजार जनसंख्या भएको यो शहर अवलोकन गर्न वर्षको एक करोड असी लाख पर्यटकहरु यहाँ आउँदा रहेछन् । शहर भएर पनि हरियालीपूर्ण, प्राकृतिक छटाले भरिएको, उच्च शहरिया जीवनस्तर भएको, जनसंख्या जस्को ठूलो अंश विद्यार्थी, शिक्षक, विचारक र अनुसन्धानकर्ता भएको कारण यस शहर दिगो विकास, वातावरण संरक्षणका लागि जर्मनीकै एक उत्कृष्ट शहरमध्ये एकमा आउँदो रहेछ। दोस्रो विश्वयुद्धकालमा ध्वस्त हुनबाट बचेको कारणले गर्दा पनि यस शहरको प्राचीनताले विश्व महत्व पाएको रहेछ।

# संघीयता कार्यान्वयनमा कर्मचारीतन्त्रको भूमिका

**लक्ष्मी विलास कोइराला**

### कर्मचारीतन्त्र के हो ?

कर्मचरीतन्त्रको जन्म राज्यसँगै भएको हो र यसको मुख्य काम भनेको सरकारलाई शासन गर्न सघाउनु हो। संघीय शासन प्रणालीको कार्यान्वयनको आजको सन्र्दभमा सर्वत्र कर्मचारीतन्त्रमाथि औला उठिरहेको छ । कर्मचारीतन्त्रले सहयोग गरेन, कर्मचारीतन्त्र असक्षम भयो, कर्मचारीतन्त्र बढी राजनीति प्रेरित भयो भन्ने जस्ता अनेकौं आरोपहरू लागिरहेका छन् । प्रदेश र स्थानीयतहका सरकारहरू कर्मचारीतन्त्रमा देखिएको वर्तमान अव्यवस्थाबाट आजित भएर कर्मचारीतन्त्रभन्दा अलग्गै संयन्त्र निर्माण गरेर काम गर्न पाए धेरै काम गर्न सकिने थियो की भन्ने दृष्टिकोण राख्न पुगेको पाईन्छ ।

कर्मचारीतन्त्र अर्थात ब्यूरोक्रेशीमा ब्यूरोको अर्थ डेस्क हो र क्रेशीको अर्थ सरकार लाई बुझाउने गर्दछ । कर्मचारीतन्त्र एक प्रशासकीय प्रणाली हो जो बैधानिक र विवेकपूर्ण अधिकार (लिगल र्‍यासनल अथोरिटी) को प्रयोग गरि विधि र प्रक्रिया अनुसार जनतालाई सार्वजनिक सेवा र सुरक्षा प्रदान गर्ने गर्दछ । कानूनद्वारा सञ्चालित विशेष क्षमताले युक्त पदसोपान शैलीमा आधारित लिखित कानूनसम्मत निश्चित आचरण र अनुशासन भएका कानूनी अख्तियारी प्रयोग गर्ने संयन्त्र कर्मचारीतन्त्र वा अड्डातन्त्र हो । कर्मचारीतन्त्र राज्य सञ्चालनको मेरूदण्ड हो । राज्यप्रदत कानूनी अधिकार र जिम्मेवारीले गर्दा कर्मचारीतन्त्र देशको शासन सञ्चालन गर्ने स्थायी सरकार हो । राजनीतिकरूपमा सरकार परिवर्तन भइरहने तर कर्मचारीतन्त्र स्थायी र निरन्तर अविछिन्न रहिरहन्छ । सरकारका नीति र कार्यक्रमप्रति प्रतिबद्ध भई सार्वभौम जनतालाई सेवा दिने र उनीहरूको संरक्षण गर्ने जिम्मेवारी कर्मचारीतन्त्रले निभाउने गर्दछ ।

कर्मचारीतन्त्र सिद्धान्तका जन्मदाता म्याक्स वेवर हुन् । उनले कर्मचारीतन्त्रले देशको शासन सञ्चालनमा आर्दश संस्थाकोरूपमा काम गर्ने अपेक्षा राखेका थिए । शासकीय कामको बुद्धिमत्तापूर्ण विभाजन, पदका लागि निश्चित योग्यता, पदसोपान (हाइर्‍यारकी)मा आधारित संगठन संरचना, निष्पक्ष कार्यप्रणाली, विधिको पालना, औपचारिकता, राजनीतिकरूपमा तटस्थता, मेरिटमा आधारित प्रणाली, कार्यसम्पादनको अभिलेखीकरण, सक्षम, अव्यैयक्तित अनुशासित कर्मचारी, उत्तरदायी संस्कार तथा प्रक्रियामूलक कार्यसम्पादन प्रणाली जस्ता खास विशेषताहरू रहेका छन् । वास्तवमा कर्मचारीतन्त्र संरचना, पद्धति र प्रवृतिको समिश्रण हो ।

वेवरले भनेझैं कर्मचारीतन्त्रले गुण, आर्दश र अपेक्षाअनुसार काम गर्न सकेन् । कर्मचारीतन्त्रका विशेषताहरू नै गालपारा विशेषताको रूपमा देखा परे । राज्य संगठनभित्रका सूचना, अधिकार र शक्ति, स्रोतसाधन तथा सुविधाको कारण कर्मचारीतन्त्रमा शासकीय दम्भको विकास हुन पुग्यो । पदसोपान, प्रक्रियामूलक र विधिको पालना गर्ने हुँदा कार्यसम्पादनमा ढिलासुस्ती (रेडटेपिज्म) को बढोत्तरी भयो । सरकारप्रति उत्तरदायी हुने हुँदा जनचासोहरू ओझेल परे । तटस्थ रहँदा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन हुन नसकेको हो भन्ने विश्वास बढ्यो । अवैयक्तितता चरित्रको हुने हुँदा राजनीतिक तहको सुझबुझ बुझ्न नसक्ने अव्यवहारिक तन्त्रको रूपमा चिनियो ।

जबाफदेहिताको घुमाउरो बाटोका कारण कर्मचारीतन्त्रमा जिम्मेवारी पन्छाउने खेलो बढेर गयो । कर्मचारीमा सेल्फ सर्भिस व्यवहारको अहमपन बढन गयो, उनीहरूले जनताको सेवक हुँ भन्ने मूल्य विर्सिए । कार्यसम्पादनमा अपारदर्शिताले जोखीम नलिने र आर्दश संस्था भ्रष्ट्राचारले पोतिन पुग्यो । कर्मचारीतन्त्रमाथि लागेको चौतर्फि आरोपका कारण कर्मचारीतन्त्र राजनीतिको अप्रिय सहयात्री बन्न पुग्यो । कर्मचारीतन्त्रका विकल्पका विभिन्न अवधारण र विकल्पका रणनीतिहरू प्रयोग भए र भइरहेका छन् । यसरी प्रदेश र स्थानीय सरकार झै कर्मचारीतन्त्रको दोषहरूको आडमा कर्मचारीतन्त्रको विकल्प खोज्ने काम विगतदेखि नै हुँदै आएको छ । कर्मचारीतन्त्रको आवश्यक्ता, महत्व र कार्य संस्कारका कारण कर्मचारीतन्त्र सरकारको लागि नभई नहुने तर सरकारले नरूचाउने संयन्त्रको रूपमा देखा पर्‍यो । यसकारण कर्मचारीतन्त्र सरकारका लागि "आवश्यक तर खराव" (नेशेसरी ईभिल) संयन्त्रकोरूपमा रहेकाले सरकार कर्मचारीतन्त्रको विकल्प हुन्छ की भन्ने खोजमा लाग्यो ।

### विकल्पहरूको विश्लेषण

कर्मचारीतन्त्रको विकास स्थिर कार्यवातावरण, छोटो नियन्त्रणको घेरा, सीमित व्यक्तिको पहुँचमा सूचना रहने अवस्थामा भएको थियो । अब कर्मचारीतन्त्रको कार्यवातावरण अत्यन्त परिवर्तशील बनेकोछ । हरेक सूचना नेटमा उपलब्ध छ । संगठनको नियन्त्रण घेरा फराकिलो बनेकोछ । संगठनमा काम गर्ने कर्मचारीमा विविधता र ज्ञान उच्च रहेको छ भने सेवाग्राही पनि सुसूचीत छन् । सरकार र जनताले कर्मचारीतन्त्रबाट उच्च विशेषज्ञता, तिब्र कार्यसम्पादन गति र जबाफदेहिता खोजी गरिरहेको छन् । कर्मचारीतन्त्रले सरकार र जनताको अपेक्षाअनुसार सेवा र परिणाम दिन सक्षम नदेखिए पछि कर्मचारीतन्त्रको विकल्प खोज्ने काम भएको हो । कर्मचारीतन्त्रको विकल्प खोज्नेहरूले कर्मचारीतन्त्रको भविष्य छैन्, कर्मचारीतन्त्र मर्‍यो भन्ने निराशाजनक भविष्यवाणी गर्न समेत छोडेनन् । कर्मचारीतन्त्रको विकल्पलाई संस्थागत विकल्प र कार्यात्मक विकल्प शीर्षकमा विश्लेषण गर्न सकिन्छ ।

(क) संस्थागत विकल्प: कर्मचारीतन्त्रको विकल्प खोज्ने भनेको सरकारका काम कारवाहीहरू प्रभावकारी ढंगले सम्पन्न गर्ने संयन्त्रको स्थापना गर्नु हो । उच्च पदमा रहेको अधिकारको प्रत्यायोजन, माथिल्ला निकायमा रहेको अधिकारको विकेन्द्रीकरण, माथिल्ला निकायमा रहेको अधिकारको निक्षेपण, निजीकरण, परियोजना व्यवस्थापनको अवधारणा, विकास समिति, परिषदको व्यवस्था, गैरसरकारी संस्थामार्फत काम गर्ने गराउने व्यवस्था, सरकारले गर्दै आएका कार्यहरू निजी क्षेत्रलाई छोडने प्रक्रिया, कर्मचारीतन्त्रको सुधार, सुशासन, नयाँ सार्वजनिक व्यवस्थापन, नयाँ सार्वजनिक सेवा सिद्धान्तहरू सबै कर्मचारीतन्त्रका विकल्पमा अगाडि ल्याइएका संस्थागत विकल्पहरू हुन् ।

कर्मचारीतन्त्र भित्रै सुधार गर्ने प्रक्रिया संस्थागत विकल्पको रूपमा हेरिएको छ । अधिकार प्रत्यायोजन, विकेन्द्रीकरण, निजीकरणको माध्यमबाट केन्द्रमा केन्द्रीत अधिकारलाई (स्प्रिङ्कल) छिरल्ने, आयोग, विकास समिति, परिषद्, उपभोक्ता समिति खडा गरेर काम गर्ने, स्थानीय निकायहरूद्धारा सार्वजनिक कार्य सम्पादन गर्ने, सार्वजनिक नीजि साझेदारीमा सार्वजनिक कार्य गर्ने तथा गैर सरकारी संस्था वा नागरिक समाजद्धारा कार्य गर्ने गराउने संस्थागत विकल्पका क्षेत्रहरू हुन् । साथै, सरकारले सार्वजनिक हीतका लागि सरकारको पक्षबाट गरेका सबै कार्यहरूको अनुगमन र नियमन गर्ने, बैदेशिक संबन्ध हेर्ने र बजारका असफलताहरू सच्याउने कार्यलाई पनि संस्थागत विकल्पको रूपमा हेर्ने र प्रयोग गर्ने गरिएको पाईन्छ ।

(ख) कार्यात्मक विकल्प: कर्मचारीतन्त्र प्रणाली मात्र होइन यसको आचरण, व्यवहार, स्वभाव र प्रक्रिया समेत रहेकाले कार्यमूलक विकल्प खोजिएको हो । सरकार र कर्मचारीतन्त्र सक्षम नभएसम्म विकास संभव छैन् भन्ने हेतूले प्रशासनको सुधार आवश्यक भएकोछ । कार्यमुलक विकल्प भनेको कर्मचारीतन्त्रको कार्यप्रणालीको सुधार हो । सुशासनको स्थापना गर्ने, निर्णय प्रक्रियामा सरलीकरण गर्ने, कर्मचारीतन्त्रलाई पारदर्शी, उत्तरदायी र नतिजामूलक बनाउने, कर्मचारीतन्त्रको प्रतिस्पर्धात्मक क्षमता विकासका लागि प्रशासनभित्र व्यवसायिकताको विकास गर्ने, नागरिक बडापत्रको प्रयोग, व्यवस्थापन सूचना प्रयालीको प्रयोग, नेटवर्क गभर्नेन्सको अभ्यास, सार्वजनिक सेवा प्रवाहमा सूचना सञ्चार प्रविधिको प्रयोग गर्ने, वान स्टप सेवा प्रवाह गर्ने, थोरैखर्चमा धेरै काम गर्ने, निर्णय प्रक्रियामा कर्मचारी र सरोकारवालालाई सहभागि गराउने, सार्वजनिक सूचनाको नियमित प्रवाह गर्ने, स्रोतसाधनको वितरणलाई न्यायिक वनाउने, सार्वजनिक काम कन्ट्र्याक्टिङ आउट गर्ने वा करारमा काम गर्ने गराउने तथा प्रिन्सिपल एजेन्ट सिद्धान्त बमोजिम जनतालाई प्रधान मानी सेवा प्रवाह गर्न जिम्मेवार बन्ने जस्ता कार्यपणालीमा सुधार गर्नुलाई कार्यात्मक विकल्प भन्ने गरिन्छ । कर्मचारीतन्त्र राज्य र शासन प्रणालीसँगै राज्यको निर्विकल्प संरचनाको रूपमा कर्मचारीतन्त्रको विकास र सञ्चालन हुदै आएकोछ । बास्तवमा, कर्मचारीतन्त्रको विकल्प छैन र यसको प्रतिस्थापन गर्न पनि सकिदैन् ।

कर्मचारीतन्त्रको प्रवृति सुधार गर्न सक्ने हो भने विकल्प खोजिरहनु पर्दैन । यसकारण कर्मचारीतन्त्रको मानमर्दन वा आलोचना गर्नुभन्दा कर्मचारीतन्त्रमा नवीन व्यवस्थापनका सिद्धान्तहरूको अबलम्वन गरेर बढी गतिशील, उत्तरदायी, पारदर्शी, कम खर्चिलो, सक्षम र परिणाममूखी बनाउनु श्रेयस्कर हुन्छ । कर्मचारीतन्त्रलाई प्रोफेसनलाईजेशन र रिप्रोफेसनलाइजेशन गर्ने, नागरिकप्रति उत्तरदायी बनाउने, नीजि क्षेत्र संलग्न हुन सक्ने क्षेत्रमा सरकारको संलग्नतालाई कम भन्दा कम बनाउने, कर्मचारीमा पेशागत निष्ठा र नैतिकताको प्रवर्द्धन गर्ने, कर्मचारीतन्त्रमा आध्यात्मिकताको अभ्यास गर्ने, कर्मचारीतन्त्रमा पाईने रेडटेपिज्म समाप्त गर्ने, संघहुँदै प्रदेश पुगेको अधिकारको विकेन्द्रीकरण गरि स्थानीय सरकारलाई सक्षम बनाउने, कर्पोरेट गभर्नेन्समा जोड दिदै कर्मचारीतन्त्रलाई समुदायमूखी, नतिजामूखी, उद्यमशील बनाउने, संगठनमा रहेको जनशक्तिको विविधता व्यवस्थापन गर्ने, कर्मचारीतन्त्रमा नैतिकता, सदाचार र इमान्दारिताको सिञ्चन गर्ने वातावरण सिर्जना गर्न प्रशासनमा नवीन दृष्टिकोणमूलक सुधार गर्नु आवश्यक छ । र, मूलत सरकार आफै कर्मचारीतन्त्रको नेतृत्व गर्न सक्षम हुनुपर्दछ ।

सारमा, कर्मचारीतन्त्र राज्यको एक वैध संस्थागत संयन्त्र हो । यद्यपी, कर्मचारीतन्त्रमा सुधार गर्ने की कर्मचारीतन्त्रको विस्थापन गर्ने भन्ने विषय प्रशासनिक बृतमा एउटा विवादको विषय बनेको छ । कर्मचारीतन्त्र परीक्षणको कठघरामा उभिन पुगेको छ । तर, कर्मचारीतन्त्रको विकल्पको रूपमा अगाडि सारेका विकल्पहरू कर्मचारीतन्त्रभन्दा बढी सुस्त, खर्चिला र अनुत्तरदायी हुन पुगेकाले कर्मचारीतन्त्रको विकल्पको खोजी पनि संकटमा परेकोछ । यसकारण न त कर्मचारीतन्त्र मरेको छ, न त कमृचारीतन्त्रको पूर्ण विकल्प नै हुन्छ । बास्तवमा कर्मचारीतन्त्रको विकल्प भनेको कर्मचारीतन्त्र नै हो र राज्य र सरकारको अस्तित्व रहेसम्म कर्मचारीतन्त्र जिवन्त रहनेछ । अमर रहनेछ ।

# मोटोपन घटाउने उपाय




यदि तपाईलाई बन्दा काउलीको सुपले एक हप्तामा शरीरको अनावश्यक बोसोलाई पगालेर तौल घटाउँछ भन्ने कुराको जानकारी छैन भने आज हामी बन्दाको झोल सेवन गरेर जीवनमा कसरी परिवर्तन ल्याउन सकिन्छ भन्ने जानकारी गराउँदै छौं ।

शरीरको अनावश्यक तौल घटाउने यो अचुक बिधिको विशेषता भनेको उपचारको अवधि भर तपाईले जति बेला भोक लाग्छ आफुले चाहे जति बन्दाको सुप खान सक्नुहुन्छ ।

जति धेरै यो सुप सेवन गर्नु हुन्छ त्यति नै मात्रामा शरीरको क्यालोरी घट्छ किनकि यो सुपमा क्यालोरीको मात्रा शुन्य बराबर हुन्छ । वास्तवमा यो सुपले भोजनको काम गर्छ जसमा क्यालोरीको मात्रा शुन्य बराबर हुन्छ ।

अनि यसका कारण तपाईको मेटाबोलिज्ममा बृद्धि हुन्छ र परिणामसरुप तपाईले प्राप्त गरेको क्यालोरी भन्दा तपाईको शरीरको क्यालोरी घटेर जान्छ । अझै तपाईले आफ्नो शरीरको विषादी नाश गर्न सक्नुहुन्छ र शरीरलाई चाहेको आकारमा ढाल्न सक्नुहुन्छ ।

यो उपचार अवधि भर दिन बिराउन भने हुँदैन । यदि तपाई कतै यात्रा गर्दै हुनुहुन्छ वा दिनमा कतै जानुहुन्छ भने थरमसमा यो बोसो पगाल्ने सुप भर्न नबिर्सनुहोस् र आफुलाई आवश्यक परेको बखत सुप बिधि प्रयोग गर्नुहोस् ।

यो बिधिलाई सेकरेड हार्ट मेमोरियल हस्पिटलमा शरीरको तौल धेरै भएका मुटुका बिरामीहरुमा प्रयोग गरिएको थियो । तौल नियन्त्रण भए पछि मात्र अपरेशन गर्नु पर्ने भएकाले यो तौल घटाउने बिधि अपनाईएको थियो जसमा बिधि सफल प्रमानित भयो । यो बिधिलाई एड कास्पर एल एस, अकुपंचरीस्ट तथा हर्बलिस्टले समेत आफ्नो क्याबेज सुप फर सेभन डेज टु बर्न फ्याटमा उल्लेख गरेका छन् ।

अनि यो बिधि अपनाएको अवधि भर प्रसस्त पानी पिउन बिर्सिनु हुँदैन । साथै लामो अबधि सम्म यो सुप मात्र पिउने गर्नाले शरीरमा कुपोषण लाग्न सक्ने संभावना हुन्छ ।

सब्जीको मीश्रणलाई एउटा भाँडामा खन्याउनुहोस् । यसमा थोरै मसला मिसाउनुहोस् । यसमा आवश्यकता अनुसार पानी मिसाउनुहोस् र यसलाई चुलोमा दश मिनेट सम्म मधुरो आगोमा उमाल्नुहोस् । तरकारी मज्जाले नपाके सम्म उमाल्नुपर्छ ।

सुप र फलफुल मात्र खानुहोस् । पानी तथा कालो चिया चिनि थोरै राखेर पनि सेवन गर्न सकिन्छ । केरा बाहेक सबै प्रकारका फलफुल खान सकिन्छ किनकि केरामा क्यालोरीको मात्रा बढी हुन्छ ।

अन्य हरियो सब्जी र सुप मात्र सेवन गर्नुहोस् । सुखेको सिमि, भटमास, मकैको सट्टामा हरियो सागसब्जी खानुहोस् । राती सुप सँगै उसिनेको आलु खानुहोस् तर रातको समयमा फलफुल भने खान हुँदैन ।

बिभिन्न प्रकारका सुप, सागसब्जी तथा फलफलुल खान सक्नुहुन्छ । तर राती आलु खान हुँदैन । तपाईले यो सात दिने तौल नियन्त्रण बिधि तिन दिन सम्म उपयुक्त तरिकाले अपनाउनु भएको छ भने तपाईको शरीरको तौल ४(५ किलो घटेको हुनुपर्छ ।

चौथो दिनमा केरा र दुध खाने दिन हो । यी दुबै केरा र दुधमा प्रसस्त मात्रामा क्यालोरी तथा कार्बोहाईड्रेट लुकेको हुन्छ । तर यो चौथो दिनमा तपाईको शरीरलाई पोटासियम, कार्बोहाईड्रेट, प्रोटिन र क्याल्सियमको आवश्यक पर्छ जसले शरीरको प्रक्रियामा गडबड हुनदिदैन । सुपका साथै तीन वटा केरा तथा चाहे जति दुध पिउनुहोस् ।

६(७ वटा टमाटर, छाला नभएको कुखुराको मासु तथा माछा अवश्यकता अनुसार तयार पार्न सक्नुहुन्छ । पानी कम्तीमा पनि ६(८ ग्लास पिउनुहोस् । यसले युरिक एसीडलाई सफा पार्छ । सुप कमसेकम दिनको एक पटक पिउनुपर्छ ।

तपाईले चाहे जति छाला नभएको कुखुराको मासु, सिमि, केराउ, माछा लगायतको सागसब्जी यो छैठौं दिनमा खान सक्नुहुन्छ । तर तारेको आलु भने खान हुँदैन । बंदाको सुप भने यो दिनमा पनि कमसेकम एक पटक पिउन बिर्सिनुहुँदैन ।

हरियो सागसब्जी तथा खैरो चामलको भात । फलफुल तथा हरियो सागसब्जी जति खाए पनि हुन्छ । अनि सुप यो दिनमा पनि कमसेकम एक पटक पिउनु पर्छ ।

डायट प्रोग्राममा सुझाए अनुसारको सल्लाह तपाईले अपनाउनु भएकोले तपाईको शरीरको तौल ७९९ किलो घटेको हुनुपर्छ ।

यदि तपाईको तौल ७ किलो भन्दा बढी घटेको छ भने यस्तो अवस्थामा तपाईले २ दिन पछि डायट प्रोग्राम पुन सुरुवात गर्न सक्नुहुन्छ ।

व्यक्ति पिच्छे पाचन प्रक्रिया फरक हुने भएकोले यो डायट प्रोग्राम कसैका लागि अनुपयुक्त पनि हुन सक्छ ।

यो बिधि तपाईले उपयुक्त तरिकाले अपनाएका खण्डमा, बंदाको सुपले तपाईको पाचन प्रक्रियामा भएको समस्यामा एकरुपता ल्याएर तपाईको शरीरमा फुर्ती प्रदान गर्नुका साथै शरीरमा जम्मा भएको बोसोलाई पगाल्न ठूलो भूमिका खेल्छ ।


अनि तपाईले आफुलाई पहिला भन्दा हलुंगो, अझै फुर्तिलो र स्वस्थकर महसुस गर्नुहुनेछ । यो बिधिको विशेषता भनेकै तपाईले चाहेको अवधिमा प्रयोगमा ल्याउन सक्नुहुन्छ ।


तसर्थ मानसिक तथा शारीरिक रुपमा स्वस्थ महसुन नगरे सम्म यो प्रक्रिया अपनाउनुहोस् र जीवन सुखमय बनाउनुहोस् ।

# सोल : सर्पको मासु जहाँ लोकप्रिय छ-२

**नियात्रा संस्मरण**

**घनश्याम राजकर्णिकार**





यसरी आफ्नो देशको हृदयविदारक गाथा सुनाउँदै मिस्टर चाङ मुसुक्क हाँस्छन् र मतिर फर्कंदै भन्छन्- "बुझ्नुभो राजकर्णिकारजी ! (यो नाम उच्चारण गर्न उनलाई तीनपल्ट दोहोर्‍याउनुपर्‍यो) सोल जुन सहरमा तपाई जाँदै हुनुहुन्छ त्यो सहरले गृहयुद्धमा ठूलो मार खाएको छ । सन् १९४५ मा ध्वस्त भएको बर्लिनभन्दा बढी ध्वस्त भए पनि यो सोल हाल संसारका ठूलाठूला सहरहरूको आठौँ पङ्क्तिमा गनिन पुगेको छ ।" कुराकानीको यस्तो चाखलाग्दो क्षण बित्दै गएको थाहै भएन । झमक्क साँझ भएपछि बायुयानकी परिचारिकाले सोलको किम्पो अन्तर्राष्ट्रिय विमानस्थल आइपुगेको सूचना गरिन् । पत्रकार मित्रसँग पर्सिपल्ट भेट्ने निर्णय भयो र उनले आफ्नो खल्तीबाट नाम-ठेगानासहितको कार्ड झिकी मलाई दिए । किम्पो विमानस्थलबाट बाहिर निस्कँदा रातको करिब आठ बजेको थियो ।

**दक्षिणको ढोका : चेक्सु दरबार**

ठूलाठूला सहरहरूमा सफर गर्नु अक्सर धेरै खर्चिलो हुने हुन्छ तापनि महँगो ठूलो होटेलमा बस्नु बढी सुरक्षित हुन्छ । चार दिन मात्र बस्ने हुँदा सोलको मुख्य बजार चुङ्कुमा अवस्थित प्रेसिडेन्ट होटलमा म पुगेर बसेको हुन्छु । बत्तीसतले यो होटेल त्यस सहरमा भएका अरू होटेलमध्ये सबभन्दा अग्लो रहेछ । भोलिपल्ट सहरको दृश्यावलोकन गर्न व्यवस्थित बसयात्रा (कन्डक्टेड दुर)मा सम्मिलित भएँ । विभिन्न देशका पर्यटकहरूले छिनभरमै बस भरियो । बसकी परिचारिका बडो राम्रो अङ्ग्रेजी बोल्न सक्ने रहिछिन् र पर्यटक ग्राहकहरूको मनोरञ्जनार्थ बीचबीचमा टाकटुक अङ्ग्रेजी गीतहरू मधुरो स्वरमा गाइदिन्थिन् । उनले सोल सहरको छोटकरी विवरण प्रस्तुत गर्दै भनिन्- "सर्वप्रथम चौधौँ शताब्दीमा 'यी' वंशका राजाले बसालेको यो सहरको क्षेत्रफल हाल ६२७ स्क्वायर किलोमिटर रहेको छ र यसको आबादी सत्तरी लाखभन्दा बढी हुन पुगेको छ ।" केन्द्रीय बजारका मुख्यमुख्य केन्द्रहरूको विहङ्गमदृश्य देखाइसकेपछि हामीलाई सोही बजारमा अवस्थित नामडेमनमा जसलाई दक्षिणी ढोका पनि भन्दछन् ओराले । सन् १३९४ मा निर्मित यो विशाल आकर्षण केन्द्र परापूर्वकालमा सुरक्षाको दृष्टिले निर्मित पर्खालले घेरिएको सोल सहर पस्ने मुख्य द्वार रहेछ । त्यसपछि चेक्सु दरबार पुग्छौँ जसका पछिल्ला भागहरू भग्नावशेषको रूपमा रहेका छन् र अघिल्लो भागको हालै मात्र संरक्षण गरिएको रहेछ । त्यहाँ पुग्दा मलाई अग्निकाण्डबाट अवशेषको रूपमा रहेको सिंहदरबारको सम्झना भयो । अरू विभिन्न आधुनिक तथा प्राचीन स्थलहरूको निरीक्षण गराउँदै अन्त्यमा हामी केही टाढा रहेको रमणीय पहाडको फेदीमा लगियौँ । त्यहाँ अवस्थित संसारप्रसिद्ध सत्ताइस मिटर अग्लो बृहत् पत्थरले निर्मित भगवान् बुद्धको प्रतिमाले मानौँ संसारका समस्त प्राणीलाई आफ्नो दाहिने हातले आशीर्वाद दिँदै शान्तिको पाठ पढइरहेको जस्तो देखेँ । त्यसपछि दृश्यावलोकनको यात्रा विसर्जन हुन्छ र आफू बसेको होटेलमा आइपुग्छु ।

**कोरिया चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजमा**

पूर्वयोजनाअनुसार सोही दिनको तीन बजे म कोरिया चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्रिजमा पुग्छु । कोरियाको आर्थिक विकाससम्बन्धी केही कुरा थाहा पाउने उत्कट अभिलाषा थियो । यस केन्द्रका निर्देशक के. किमसँग करिब एक घण्टा रमाइलो वार्तालाप भयो । किम महोदयको भनाइअनुसार दक्षिण कोरियामा मात्र करिब पन्ध्र हजार गाउँहरू छन् । पाँच वर्षअघिसम्म पनि ती गाउँहरूमा बिजुलीको सुविधा नगण्य थियो र आधुनिक कलधाराको सुविधा औँलामा गन्न सकिने सङ्ख्याका गाउँहरूमा मात्र उपलब्ध थियो । हाल आएर करिब नब्बे प्रतिशत गाउँहरूमा बिजुली र पानी दुवैको व्यवस्थामा पूर्णतया आधुनिकता प्राप्त भएको छ । पन्ध्र वर्षअघिसम्म प्रतिव्यक्ति वार्षिक सरदर आय यु.एस्. डलर त्रियासीबराबर थियो भने हाल यो बढेर यु.एस्. डलर ८५३ बराबर हुन पुगेको छ र आउँदो वर्ष अर्थात् सन् १९८०-८१ मा यो रकम यु.एस्. डलर १५०० बराबरसम्म पुग्न सक्ने लक्ष्य राखिएको रहेछ । आर्थिक सम्पन्नताको अर्को उदाहरण दिँदै किम महोदय भन्दछन्- "देशको एकतिहाइ परिवारले अहिले टेलिभिजन प्रयोग गर्दछन् र यो देश अहिले संसारका ठूलाठूला जहाज बनाउनेमा नवौँ राष्ट्र हुन पुगेको छ ।" बढ्दै गइरहेको निर्यातव्यापारसम्बन्धी तथ्याङ्क प्रस्तुत गर्दै उनी भन्छन्- "यो व्यापार सन् १९६१ मा चार करोड यु.एस्. डलरबराबर मात्रको थियो भने १९७६ मा झन्डै नौ अरब पुग्न गएको छ ।"

(क्रमश:)

# अझै दैवी विपत्ति हुन सक्ने भविष्यवाणी

काठमाडौं । नेपालमा एक पछि अर्को घटना घट्दै गइरहेको अवस्था छ । कहिले दुर्घटना त कहिले दैवी विपत्ति । हालै नेपालको पूर्वी तराईमा हावाहुरीले ठूलोमात्रामा जनधनको क्षति गराएको छ । शनिवार बिहानको वातावरण पनि काठमाडौं बासीको लागि भयकर रह्यो ।

प्रकृतिमा विपतका लक्षण देखिँदै जाँदा ज्योतिषीले भनेका भविष्यवाणीहरु पनि बाहिर आइरहेका छन् । विभिन्न खालका घटना दुर्घटना तथा दैवि विपत्ति पर्ने भविष्यवाणी ज्योतिषीले पहिलानै गरेको प्रमाण पाइएको छ । विभिन्न खालका घटना दुर्घटना तथा दैविविपत्ति हुने ग्रहयोग भएको बताएका रैछन् चर्चित ज्यो. दीपक सुवेदीले । उनले सो कुरा चैत्रको पहिलो हप्तातिर नै बताएका रैछन् ।

ज्यो. सुवेदीले आफ्नो फेसबुक तथा एस्ट्रोलोजर दीपक गुरु नामको युट्युब च्यानबलमार्फत सो कुरा बताएको रेकर्ड भेटिएको हो । मिडियालाई प्राप्त समाचारमा चर्चित ज्यो. सुवेदीले विगत केही वर्ष यता विभिन्न खालका भविष्यवाणी गर्दै आएको र उनले गर्ने गरेको भविष्यवाणीहरु मिल्ने गरेको बताइएको छ । ज्यो. सुवेदीले ग्रहगोचरको योगले विभिन्न खालका घटनादुर्घटना तथा दैवी विपत्ति पर्ने बताएका छन् । उनले के बताएका थिए भन्ने कुरा जस्ताको तस्तै तलका लिंकमा हेर्न सक्नु हुनेछ ।

# बाचरा समुदाय पुस्तौनी यौन व्यवसायमा



विष्णु भट्टराई



धेरै भारतीय परिवारहरू अझ पनि छोरीभन्दा छोरा रोज्छन् । तर, भारतको मध्य प्रदेशमा हीना जन्मिँदा उनका बाबुआमाले उत्सव मनाएका थिए । दुर्भाग्यवश त्यो उत्सव राम्रो कारणका लागि थिएन । हीना मध्य प्रदेशमा बसोबास गर्ने बाचरा समुदायकी एक सदस्य हुन् । शताब्दीऔँदेखि बाचरा समुदायको परिवारमा जन्मने जेठी छोरीलाई १०-१२ वर्षको उमेरदेखि यौनकर्ममा लगाइन्छ । जेठी छोरी बुढी हुँदै गएपछि बहिनीहरूले दिदीलाई विस्थापित गर्छन् । एउटा पुस्तादेखि अर्कोसम्म 'स्वीकार्य प्रथाका रूपमा' यो प्रचलन कायम रहँदै आएको छ। कतिपय महिलाहरूको त बाबु र दाजुभाइले दलालको काम गर्ने गरेको पनि पाइन्छ । उनीहरूको समुदायमा विवाह पनि फरक तरिकाले गरिन्छ । आफ्नी छोरी दिए बापत माइती पक्षले 'दाइजो' को रूपमा ठूलो मात्रामा पैसा माग्छन् । जन्मेदेखि नै हीनालाई त्यस्तै जीवनका लागि तयार पारिँदै थियो र नाबालिका हुँदा नै यौन कर्ममा लगाइयो । उनले बिबिसी हिन्दीसँग भनिन्, 'मलाई यस्तो काम गर्न बाध्य बनाइँदा म १५ वर्षकी मात्र थिएँ । मैले स्कुल जान छोड्नुपर्‍यो र आमा र हजुरआमाकै जस्तो कर्म थाल्नुपर्‍यो ।' उनले हरेकदिन गाउँका धनाढ्यदेखि ट्रक ड्राइभरसम्मलाई सन्तुष्ट पार्नुपर्थ्यो ।

'म १८ वर्ष पुग्दा मैले त्यो कति नराम्रो कुरा हो भन्ने महसुस गरेँ र म असाध्यै क्षुब्ध बनेँ । तर, मसँग विकल्प के थियो र ?' 'यसरी पैसा नकमाए मेरो परिवार कसरी पालिन्थ्यो र ?' बाचराहरू भारतमा तुलनात्मक रूपमा गरिब छन् र परिवारको आर्थिक अवस्था उकास्न महिलाहरूमाथि निर्भर रहन्छन् । स्थानीय गैरनाफामूलक संस्थाका आकाश चौहानका अनुसार यो पेसामा लागेका एकतिहाइ नाबालक नै छन् । बाचराहरू कुनै समय जंगली जाति थिए । उनीहरू मध्य प्रदेशका तीन जिल्लामा फैलिएका छन् । उनीहरू अधिकांश ग्रामीण भेगमा या ट्रक ड्राइभरहरू आराम गर्न रोकिने राजमार्ग छेउछाउका क्षेत्रमा बस्छन् । स्थानीय भाषामा खिलावाडी अर्थात् 'खेल्नेहरू' भनेर चिनिने कलिला केटीहरू डोरीका खाटमा कहिले एक्लै त कहिले समूहमा ग्राहक कुरिरहेका भेटिन्छन् । त्यहाँ ससाना पसजस्ता ठाउँ हुन्छन्, जहाँ मोलतोल गर्नेहरू हुन्छन् । त्यस्तो काम परिवारका सदस्यले गर्छन् । उनीहरूले ड्राइभरहरूसँग पैसाको मोलतोल मिलाउँछन् । त्यो धेरैजसो एक सयदेखि दुई सय भारतीय रुपैयाँ हुन्छ ।

स्थानीयवासीका अनुसार कुमारीहरूले उच्च मूल्य पाउँछन् जुन पाँच हजार भारुसम्म हुन सक्छ । 'हरेक दिन दिउँसो चारदेखि पाँच पुरुष आउँथे । रातमा हामी नजिकैका होटल वा अन्य कहीँ जान्थ्यौँ ।' 'त्यहाँ संक्रमणको खतरा सधैँ थियो,' हीना सम्झिन्छन् । बाचरा समुदायबारे राष्ट्रिय अखबार द हिन्दूले सन् २००० मै सार्वजनिक गरेको थियो । द हिन्दूले यौनकर्म गर्नेहरूको रगत परीक्षण गर्दा ५ हजार ५ सय सदस्यहरूमध्ये १५ प्रतिशतको एचआइभी संक्रमित पाइएको लेखेको थियो ।

यस्ता खिलावाडीहरूमध्ये कतिले बच्चा पनि जन्माउँछन् । केही वर्षपछि हीनाले पनि छोरी जन्माइन् । त्यसपछि उनलाई अझ धेरै काममा लगाइयो । 'कति केटीहरूलाई त गर्भवती हुँदा पनि यौनकर्ममा लगाइन्छ ।' 'उनका बच्चाको रेखदेखका लागि भन्दै झन् बढी कमाउन दबाब दिइन्छ,' हीना भन्छिन् । 'यौनकर्मी बनेपछि आफ्नो समुदायका युवकसँग बिहे गर्न पनि बर्जित गरिन्छ । अन्ततः हीनाले स्थानीय गैरनाफामूलक संस्थाको सहयोगमा यो कामबाट बाहिर आउन सफल भइन् ।'

'यस्तो नराम्रो काम गर्न बाध्य भएका केटीहरूले मात्रै यसको पीडा बुझ्न सक्छन् । त्यहाँ कस्तो हुन्छ भन्ने मलाई थाहा छ, त्यसैले यस्तो प्रथा अन्त्य गर्न म सहयोग गर्न चाहन्छु ।' यस्तो परम्परा कसरी सुरु भयो भन्नेबारे थुप्रै भनाइहरू छन् । यी घुमन्ते जातिले पैसा कमाउन कठिन भएपछि गरिबीबाट मुक्ति पाउन यस्तो व्यवसाय अपनाउन थालेको एकथरीको भनाइ छ । भारतमा छोरीको बदला छोरा रोज्ने प्रचलनले महिला र पुरुषको अनुपात खतरनाक मोडमा पुर्‍याएको छ तर बाचरा समुदायमा भने उल्टो छ । 'यो समुदायमा करिब ३३ हजार जना छन् जसमध्ये ६५ प्रतिशत महिला छन्,' अशोक चौहान भन्छन् ।

यसरी संख्या बढ्नुको कारण अरू ठाउँबाट अवैधानिक रूपमा कलिला केटीहरू यहाँ बेचबिखन गर्नु पनि हो । 'यो क्षेत्रबाट केही महिनायता मात्रै ५० जना नाबालिकाहरूको हामीले उद्धार गरेका छौँ,' प्रहरी अधिकारी मनोज कुमार सिंहले बिबिसीलाई भने ।

'हामीले एउटी दुई वर्षकी केटी पनि भेट्यौँ । जसलाई अहिले शरणकेन्द्रमा राखिएको छ ।' प्रहरीले बारम्बार छापा मार्ने गरेका छन् तर यस्ता प्रचलनहरू सामाजिक चेतना वृद्धिबाट मात्र अन्त्य गर्न सकिन्छ । यो समुदाय बसोबास गर्ने मध्य प्रदेशको सरकारले हालै मात्र १२ वर्षमुनिका बालबालिकालाई बलात्कार गर्नेलाई मृत्युदण्डको अधिकारसहितको कानुन पारित गर्‍यो । १८ वर्षमुनिका बालिकासँग यौनसम्बन्ध राख्नेहरूका लागि जेल सजाय पनि बढाइयो । तर, यस्ता व्यवस्थाले पनि कुनै फाइदा भएको छैन ।

सन् १९९३ मा बाचराहरूमा रहेको यौन व्यवसाय समाप्त पार्ने योजना ल्याइयो । तर, त्यो पूर्ण कार्यान्वयनमा आएको छैन । महिला तथा समाज कल्याण विभागका राजेन्द्र महाजनका अनुसार हरेक वर्ष गैरनाफामुखी संस्थाहरूलाई योजना कार्यान्वयन गर्न सहयोग गर्न आग्रह गर्दै विज्ञापन गरिन्छ तर कसैले पनि अहिलेसम्म त्यो मापदण्ड पूरा गर्न सकेका छैनन् । जबाली योजनाले महिलाहरूलाई शिक्षा स्वास्थ्य र चेतनाको जागरण गराएर पुनर्स्थापित हुन केन्द्रित गर्ने भनेको छ । तर, स्थितिमा परिवर्तन आइरहेको छ । बाचरा समुदायका नयाँ पुस्ताका सदस्यहरूले अरूतिर जागिर खोजेर या पढाइ नटुटाएर चल्दै आएको प्रथाको विरोधमा लाग्न थालेका छन् । हीना पनि एउटा त्यस्तै एउटा कार्यक्रमको सहयोगमा सन् २०१६ मा उद्धार गरिएकी युवती हुन् । उनी भन्छिन्, 'मैले अरू केटीहरूलाई यस्तो कर्ममा नलाग्नेबारे बुझाउन खोज्छु र त्यसबाट बाहिर ल्याउन जे गर्न सकिन्छ त्यसमा सहयोग गर्छु ।' हीना भन्छिन्, 'शिक्षाले मात्र उनीहरूलाई सहयोग गर्न सक्छ ।

## समलिंगीलाई मृत्युदण्ड

बुनाई समलिंगीलाई ढुंगाले हिर्काएर मार्ने कानुन लागू गरेर समलैंगिकतामा मृत्युदण्ड सजाय दिने आठौँ देश भएको छ। त्यस्तो कानुन भएको अन्य देश इरान, साउदी अरब, यमन, सुडान, मौरिटानिया, नाइजेरिया र सोमालिया हुन् । नाइजेरिया र सोमालियाका केही प्रान्तमा समलिंगीलाई मृत्युदण्डको सजाय भएको अन्तर्राष्ट्रिय लेस्बियन, गे, बाइसेक्सुअल, ट्रान्स र इन्टर्सेक्स संघ आइएलजीएले जनाएको छ । कुनकुन देशले समलिंगीलाई मृत्युदण्ड दियो भन्ने पत्ता लगाउन भने सहज छैन । एमनेस्टी इन्टर्न्याशनलले विगत केही वर्षमा समलिंगीलाई मृत्युदण्ड नदिइएको बताएको छ । तर, इरान र साउदी अरबमा समलिंगीलाई मृत्युदण्ड दिइएको इतिहास छ । नाइजेरियाको मुस्लिमबाहुल्य उत्तरी प्रान्तहरूमा त्यस्तो व्यवस्था भएपनि त्यो कहिल्यै लागु गरिएको छैन ।

ब्रुनाईमा पहिले पनि समलैंगिकता गैरकानुनी थियो र यसको सजाय १० वर्ष कैद थियो । नयाँ कानुनले महिलाबीचको समलिंगी सम्बन्धलाई पनि गैरकानुनी मानेको छ । यसको सजाय ४० कोर्रा वा १० वर्ष जेल वा दुवै रहेको छ । आइएलजीएको अनुसार संसारका ७० देशमा समलिंगी सम्बन्ध गैरकानुनी रहेको छ। रुससहित अन्य देशमा समलिंगी सम्बन्ध गैरकानुनी नभए पनि केही कानुनी बन्देज लगाइएका छन् । सन् २०१८ मा भारतको सर्वोच्च अदालतले



समलिंगी सम्बन्धलाई गैरकानुनी बनाउने कानुनी प्रावधानहरू खारेज गरेको थियो । केही देशमा समलिंगी सम्बन्धलाई अवैधानिक बनाउने कानुनविरुद्ध अदालतमा चुनौती दिइएको छ। त्यहाँ ती कानुन खारेज हुन सक्ने अवस्था छः

-केन्यामा सर्वोच्च अदालतले मे २४ मा समलिंगी सम्बन्धलाई मान्यता दिने सम्बन्धमा फैसला दिँदै छ

-बोत्स्वानामा यो वर्ष सर्वोच्च अदालतले समलिंगी सम्बन्धका बारेमा फैसला दिनुपर्नेछ

-जमैकामा समलिंगी सम्बन्धलाई गैरकानुनी बनाउने कानुनलाई चुनौती दिइएको छ

संसारका २६ देशमा समलिंगी विवाह गर्न पाइन्छ। समलिंगी विवाहको परिभाषा भने फरक हुनसक्छ। उत्तरी आयरल्यान्डमा त्यस्तो विवाह गैरकानुनी छ, तर यूकेमा वैधानिक मान्यता छ। जिल र मेक्सिको पनि आईएलजीएको सूचीमा छन् ।

किनभने त्यहाँ 'कुनै न कुनै तरिकाले वैध रूपमा समलिंगी विवाह गर्न सम्भव छ।'

**समलिंगी विवाह वैध भएका देशहरू**

-२००१ नेदरल्यान्डस -२००३ बेल्जियम -२००५ क्यानडा र स्पेन -२००६ दक्षिण अफ्रिका -२००९ नर्वे र स्वीडन -२०१० आइसल्यान्ड, पोर्चुगल र आर्जेन्टिना -२०१२ डेन्मार्क -२०१३ उरुग्वे, न्युजिल्यान्ड, फ्रान्स र ब्राजिल -२०१४ यूके-उत्तरी आयरल्यान्डबाहेक) -२०१५ लग्जेम्बर्ग, आयरल्यान्ड, मेक्सिको र अमेरिका -२०१६ कोलम्बिया -२०१७ फिनल्यान्ड, माल्टा, जर्मनी र अस्ट्रेलिया-२०१९ अस्ट्रिया

सन् २०१८ अगस्टमा कोस्टा रिकाको सर्वोच्च अदालतले समलिंगी विवाहमाथिको प्रतिबन्धलाई अवैध भन्दै सासंदहरूलाई १८ महिनाभित्र कानुन परिवर्तन गर्न आदेश दिएको थियो ।

# पर्यटक तान्दै बेनीको तातोपानी

पर्यटन



बेनी नगरपालिका-४ मा रहेको प्राकृतिक तातोपानी कुण्डमा स्नान गर्नेको घुइँचो लागेको छ।जमिनभित्रबाट बिरेनुनको गन्धमा ५० डिग्री सेल्सियस तापक्रममा निस्कने तातोपानी संकलन गरिएको पोखरीमा स्नान गरेर उपचार गर्न आएका बिरामी तथा आन्तरिक पर्यटकको घुइँचो लागेको हो।

केही दिनयता देशका विभिन्न स्थानबाट कुण्डमा स्नान गर्न आउनेको चाप अत्याधिक रुपमा बढेको तातोपानी कुण्ड व्यवस्थापन समितिका सहसचिव कुमार केसीले बताए।उनका अनुसार अहिले दैनिक दुई हजार जनाले कुण्डमा स्नान गरिरहेका छन्।


बिरामीको चाप बढेपछि बिहान ५ बजेदेखिनै ६ वटा समय तालिका बनाएर दुईरदुई घण्टाका दरले स्नान गर्ने व्यवस्था मिलाइएको छ। तातोपानी कुण्डमा स्नान गरेमा चोट पटक लागेको, सर्के मर्केको, ग्यास्ट्रिक, गानोगोला, नशा, छाला सम्बन्धी समस्या निको हुने जनविश्वास छ।

छोटो समयका लागि र भ्रमणका लागि आउने पर्यटकका लागि कुण्ड परिसरमा छुट्टै पोखरी र तीनवटा सयनकक्ष बनाएर जुनसुकै बेला पनि पालो नफर्खीकन स्नान गर्न सक्ने व्यवस्था मिलाइएको कुण्ड व्यवस्थापन समितिका अध्यक्ष बिरेन्द्रमान शाक्यले बताए।

नेकपाका अध्यक्ष तथा पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड), नेपाली कांग्रेसका सभापति तथा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, गृहमन्त्री रामबहादुर थापा, कांग्रेस नेता रामचन्द्र पौडेललगायत शीर्ष राजनीतिज्ञले समेत स्नान गरेकाले यस वर्ष तातोपानी कुण्ड स्नान र अवलोकन गर्न आउनेको चाप बढेको कुण्ड व्यवस्थापन समितिका पदाधीकारीले बताए।

तातोपानीमा डुबेर उपचारका लागि देशका विभिन्न स्थानका साथै विदेशबाट समेत गरेर वार्षिक १६ हजार पाहुना आउने गर्छन्।तीन सय रुपैयाँ शुल्क तिरेर दश दिनसम्म स्नान गर्न सकिन्छ।कुण्डको आम्दानी र चन्दा सहयोगबाट कुण्डको संरक्षण, कर्मचारीको तलब, व्यवस्थापन, पूर्वाधार निर्माणका साथै स्थानीय सरस्वती माविका ११ जना नीजि स्रोतका शिक्षकको तलबभत्तामा परिचालन हुने गरेको छ।

# भेरी बबई सुरुङ निर्माण सकियो




सुर्खेत । कर्णाली प्रदेशमा रहेको भेरी बबै ड्राईभरसन सुरुङग निर्माण कार्य एक वर्ष पहिले नै सम्पन्न हुने भएको छ । निर्माण कार्य शुरु भएको चार बर्षमा सक्नुपर्ने लक्ष्यका साथ २०७३ साल कार्तिक महिनामा निर्माण कार्य शुरु गरिएको सुरुङग निर्माण कार्य एक बर्ष पहिले नै सकिन लागेको हो । सुरुङ मार्गको १२ हजार २ सय १० मिटर लम्बाई रहेको भेरी बबै ड्राइभर्सन सुरुङग मार्गको हालसम्म ११ हजार ९ सय ४४ मिटर निर्माण कार्य सम्पन्न भइसकेको छ । बाँकी २ सय ६६ मिटर सुरुङ मार्ग यसै चैत्र महिना भित्रै सकिने भेरी बबै ड्राइभर्सन सुरुङ मार्ग आयोजनाका निर्देशक सन्जीब बरालले जानकारी दिनुभयो ।

टन्डेल बोरीङ मेसिन प्रयोग गरि नेपालमै पहिलो पटक सुरुङ निर्माण रहेको सिचाई विभागले जनाएको छ । ३३ अर्ब १९ करोड लागतको सुरुङ निर्माण कार्यमा ७ खर्ब खर्च भइसकेको आयोजनाले जनाएको छ । सुरुङ निर्माणको काम अन्तीम चरणमा पुगेसँगै पहिलो बाध र विद्युत गृह निर्माण प्रकृया अगाडि बडिसकेको छ ।

आउदो आर्थिक वर्ष २०७८र२०७९ सम्ममा बाके र बर्दियाको ५१ हजार हेक्टर जमिनमा सिचाई योजना पुगाउने आयोजनाको लक्ष्य छ । आयोजनाले हात्तीखालमा विद्युत गृह बनाए ४८ मेघावाट विद्युत उत्पादन गर्ने लक्ष्य समेत लिएको छ ।

प्रेरक

## गुरु नानक र राजा



एकपटक गुरु नानक यात्राका क्रममा एउटा नौलो राज्यमा पुगे । त्यहाँका राजा जनतालाई सताउने, उनीहरूको सम्पत्ति हडप्ने जस्ता कार्यमा अलि बदनाम छन् भन्ने उनले सुनेका थिए । राजाले पनि गुरु नानकको नाम र महानताबारे सुनेका थिए । त्यसैले, उनी गुरु नानकलाई भेट्न उनी बसेकै स्थानमा आए ।

कुराकानीका क्रममा गुरु नानकले राजासित केही पत्थर धरौटी राखेर आफूलाई रकम दिन अनुरोध गरे । गुरु नानकको अनुरोध सुनेपछि राजाले भने-हुन्छ महात्मा, तपाईंले भनेजस्तै धरौटी राखेर रकम दिन कुनै समस्या छैन, म व्यवस्था मिलाइदिन्छु । तर, हजुर यी पत्थर लिन कहिले आउनुहुन्छ ?

गुरु नानकले भने- म फकिर जस्तो मानिस, घुम्दाघुम्दै कता पुग्छु पत्तो हुँदैन । म यो फिर्ता लिन आउन भ्याउँदिनँ । म तपाईंभन्दा अगाडि नै यो संसार छाडेर गइसकेको हुनेछु । त्यसैले, जब तपाईं यो संसार छाडेर आउनुहुन्छ अनि मेरा यी पत्थर पनि उतै ल्याइदिनू, म उतै लिउँला नि हुन्न ?

गुरु नानकका कुरा सुनेपछि छक्क पर्दै राजाले भने- हजुर के भन्दै हुनुहुन्छ गुरु ? कहीँ मरेर गएका मानिसले पनि साथमा यी पत्थर, धनसम्पत्ति लिएर जान सक्छन् त ? राजाका कुरा सुनेपछि हल्का मुस्कुराउँदै गुरु नानकले भने- मरेर जाँदा साथमा लान नसकिने भए तपाईं अहिले सम्पत्ति थुपार्न किन यत्रो मरिहत्ते गर्दै हुनुहुन्छ त ? गुरु नानकका कुरा सुनेपछि राजा झसंग भए । उनले गुरु नानकसित माफी मागे र त्यस दिनदेखि उनले जनतालाई कहिल्यै सताएनन् ।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

अध्ययनमा प्रगति हुनेछ भने ज्ञानलाई निखार्ने अवसर प्राप्त हुनेछ । सुखद् समाचारले उत्साह जगाउनेछ । आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । नयाँ काम प्रारम्भ हुनेछ । मिहिनेतले सम्मानित स्थान दिलाउन सक्छ । बौद्धिक अभिव्यक्तिको तारिफ हुनेछ । बोलीको प्रभावले आर्थिक क्रियाकलापमा समेत फाइदा हुनेछ ।

### बृष

रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ । पहिलेको सफलताले थप हौसला जगाउनेछ । नयाँ कामको प्रस्ताव आउनेछ भने सहयोगीहरू प्रशस्तै भेटिनेछन् । बिछोडिएका परिवारजनसँग भेटघाट हुनेछ । पहिलेका कमजोरी सुधार्दै जीवनशैलीमा परिवर्तन ल्याउन सकिनेछ । बौद्धिक क्षमताको तारिफ हुनेछ भने व्यक्तित्व निखार्ने अवसर प्राप्त हुनेछ ।

### मिथुन

आकस्मिक खर्च बढ्नाले अर्थ अभाव देखापर्न सक्छ । काममा लगानी बढाउनुपर्ने स्थिति आउन सक्छ । अरूको करकापमा परेर इच्छाविपरीत काम गर्नुपर्ला । समय दिन नसक्दा अध्ययनमा पछि परिनेछ । पछिका लागि केही वस्तु त्याग्नुपर्ने वा आफन्तबाट टाढिनुपर्ने परिस्थिति आउन सक्छ । केही खर्च लागे पनि प्रयत्न गर्दा देश-विदेशको यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।

### कर्कट

आम्दानीका स्रोत सबल देखिए पनि काममा खर्च बढ्नेछ । नपुग रकम कर्जामार्फत जुटाउनुपर्ला । श्रमको उचित मूल्यांकन भए पनि उपलब्धि हातपार्न समय लाग्नेछ । व्यापार बढे पनि लाभांश कमजोर हुने देखिन्छ । विभिन्न अवसर प्राप्त भए पनि नैतिक प्रतिष्ठा जोगाउन सजग रहनुपर्ला । आँटेको काममा अरूको मुख ताक्नाले सोचेको प्रतिफल हातलागी नहुन सक्छ ।

### सिंह

राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ । प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मिहिनेतले जीवनशैलीमा परिवर्तन आउनेछ । लगनशीलताले कीर्तिमानी दिलाउन सक्छ । विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । महत्त्वाकांक्षाले लक्ष्यमा पुर्‍याउन सक्छ, कर्तव्यपरायण रहनुहोला ।

### कन्या

अवसरसँगै चुनौतीसमेत देखा पर्नेछन् । सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्तै फेला पर्नेछन् । होसियारीसाथ काममा जुट्नुहोला । शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउनेछन् । सामाजिक कामको जिम्मेवारी बढ्नेछ । फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ ।

### तुला

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिबन्धले चुनौती निम्त्याउन सक्छ । ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ । अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला । स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुर्‍याउनुहोला । केही उपलब्धिको स्रोत भने पहिल्याउन सकिनेछ ।

### बृश्चिक

लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला । सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ । आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ । वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ । परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला । हडबडीले समस्या निम्त्याउनेछ । तापनि, प्रेम र मित्रताको बन्धन कसिने समय छ ।

### धनु

भौतिक साधन जुट्नाले दिगो काम प्रारम्भ हुनेछ । साहसी काम गरेर प्रशस्त लाभ उठाउन सकिनेछ । नयाँ योजनातर्फ अग्रसर भइनेछ । अरूको विश्वास जित्न केही समय लागे पनि दिगो फाइदा हुने काम हातलागी हुनेछ । पहिले ईर्ष्या गर्नेहरूले नै सहयोग गर्न थाल्नेछन् । चुनौती चिर्दै काम बनाउन सकिनेछ । शत्रुहरू किनारा लाग्नेछन् भने प्रतिस्पर्धामा विजयी भइनेछ ।

### मकर

अध्ययनमा राम्रो उपलब्धि हासिल हुनाले बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । प्रयत्न गरेका काम सजिलै सम्पादन हुनेछन् । प्रतिष्ठित काम सम्पादन हुनेछ । सेवामूलक कामबाट धनलाभ हुनेछ । स्वास्थ्य सबल रहनेछ । पशुपालन तथा कृषि क्षेत्रबाट पनि राम्रो लाभ मिल्नेछ । सन्तान वा अनुयायीले राम्रो साथ दिनेछन् । फाइदाको स्रोत पहिल्याउन सकिनेछ ।

### कुम्भ

आफन्त र परिवारजनलाई धेरै समय दिनुपर्ने हुन सक्छ । आश्वासन दिनेहरूले प्रतिबद्धता पूरा नगर्न सक्छन् । हल्लाको भरमा अरूको विश्वास गर्दा धोका पाइनेछ । कृषि, पशुपालन तथा घरेलु कामकाजमा बढी प्रवृत्त बन्नुपर्ला । बिनाकारण आफन्त, साथीभाइ टाढिन सक्छन् । साझेदारसँग असमझदारी देखिने हुँदा सजग रहनुहोला । बलाजफ्तीले काम बिग्रनेछ ।

### मीन

सहयोगीहरूले साथ दिनाले चिताएका काम सम्पादन हुनेछन् । प्रतिस्पर्धीहरू पछि पर्नेछन् । मिहिनेत गर्दा राम्रो परिणाम प्राप्त हुनेछ । तारिफयोग्य काम गर्दै मनग्गे धन आर्जन गर्न सकिनेछ । प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । थोरै लगानीबाट पनि नाफा कमाउन सकिनेछ । विभिन्न भौतिक साधन जुट्नेछन् । उद्योग र व्यापारमा विशेष फाइदा उठाउन सकिनेछ।

## घाइतेलाई कलाकारको सहयोग




आइतबार राति बारा र पर्सा जिल्लामा आएको हुरीका कारण जनधनको ठूलो क्षति भयो । यो घटनालाई लिएर नेपाली चलचित्र क्षेत्रका कलाकार हरुले पनि दुःख व्यक्त गरिरहेका छन् । यसैबीच चलचित्र 'लभ स्टेशन' का नायक प्रदिप खड्का र निर्माता गोविन्द शाहीले यो घटनामा दुःख व्यक्त गरेका छन् । उनीहरुले हुरी बतासबाट भएको क्षतिपछि भैरहेको उद्धार, उपचार, राहत र सहयोगमा आफूहरु पनि साथ रहेको बताएका छन् ।

हुरी बतासबाट भएको क्षतिपछि उद्धार, उपचार, राहत र सहयोगमा आफुहरुको साथ रहेको उनीहरुले बताएका छन् । नायक प्रदिप खड्का र निर्माता गोविन्द शाहीले आफूहरुको तर्फबाट नगद ५० हजार सहयोग गर्ने बताएका छन् । काठमाण्डौमा पत्रकार सम्मेलनको आयोजना गर्दै उनीहरुले अन्य सहयोगका लागि पनि अपिल गरेका छन् । जिल्ला प्रशासन कार्यालय बाराका जिल्ला प्रशासन प्रमुख राजेश पौडेल संयोजकत्वमा रहेको जिल्ला बिपद ब्यबस्थापन कोष बारा मार्फत सो रकम पीडितहरुका लागि सहयोग गरिने नायक खड्काले बताएका छन् । उनीहरुले सहयोगका लागि निरन्तर पहल गर्ने पनि बताएका छन् ।


## "रातो टिका" मा साम्राज्ञी फाइनल



निर्माता तथा निर्देशक अशोक शर्माले बनाउन लागेको नयाँ चलचित्र 'रातो टिका निधारमा' का लागि नायिका साम्राज्ञी राज्यलक्ष्मी शाह फाइनल भएकी छिन् । उनले यो चलचित्रका लागि महंगो पारिश्रमिक वुझेको बताइएको छ । नायिका जसिता गुरुङले काम गर्ने चर्चा चलिरहँदा साम्राज्ञीलाई निर्देशक शर्माले फाइनल गरेका छन् । साम्राज्ञीलाई निर्माणपक्षले १६ लाख पारिश्रमिक दिएको छ । यसमा उनले तिर्ने कर समेत सामेल छ । चलचित्रका लागि यसअघि नै नायिका नीता ढुंगाना, कलाकार रविन्द्र झा लगायत फाइनल भैसकेका छन् । चलचित्रको छायांकन वैशाखबाट सुरु हुनेछ । चलचित्रलाई आउँदो बर्षको दशैंमा रिलिज गर्ने योजनामा अशोक लागेका छन् ।

चलचित्रबाट नायक शर्माले आफ्नै छोरा अंकित शर्मालाई डेब्यू गराउने तयारी समेत गरेका छन् । यसो भएको खण्डमा चलचित्रमा अंकित र साम्राज्ञीको जोडी जम्नेछ । चलचित्र 'जय भोले'का लागि पनि अशोक शर्माले नायिका साम्राज्ञीलाई प्रस्ताव गरेका थिए । तर, साम्राज्ञीले चलचित्रमा काम गरिनन् ।

## "विर विक्रम २" को दोस्रो गीत सार्वजनिक



जेठको ३ गतेबाट रिलिज हुन लागेको चलचित्र 'विर विक्रम २' को पहिलो गीत 'पिरतीको मिठो तिर्सना'ले चलचित्र बजारमा राम्रै चर्चा पाइरहँदा यसको निर्माण पक्षले दोस्रो गीत सार्वजनिक गर्ने तयारी गरेको छ । सार्वजनिक हुन लागेको दोस्रो गीतमा नायक पल शाह र नायिका वर्षा शिवाकोटीलाई फिचरिङ गरिएको छ ।

चलचित्रको ट्रेलर अगावै दोस्रो गीत सार्वजनिक गर्ने यसको निर्माण पक्षले बताएको छ । अजरबैजान पुगेर छायांकन गरिएको दोस्रो गीतको बोल ' बाचा छ कि मरेर पनि खाएको कसम' हो । यो गीतमा ताराप्रकाश लिम्बू र दीपा लामाको स्वर, ताराकै संगीत छ भने नरेश भट्टराइ{को यसमा शब्द छ । मिलन चाम्सले निर्देशन गरेको चलचित्र 'विर विक्रम २' मा पल र वर्षाको अलवा नाजिर हुसेनको मुख्य भूमिका छ ।

## उजुरीपछि रोकियो निर्वाचन ?

चलचित्र कलाकार संघको निर्वाचन रोकिएको छ । जिल्ला प्रशासन कार्यलयले पत्र काटेपछि संघको चैत्र २३ गते हुने भनिएको निर्वाचन रोकिएको हो । निर्वाचनका लागि २० जनाभन्दा बढीले उम्मेदवारी समेत दर्ता गरिसकेका थिए । तर, गैह्र कलाकारलाई सदस्यता दिएको, तोकिएको समयभन्दा पनि पछि सदस्यता दिएको लगायतका बिषयमा उजुरी परेपछि प्रशासनले चुनाव रोक्न आदेश दिएको हो ।

मनोनयन दर्ता गरिसकेकाहरुको मनोनयन फिर्ता गरिएको छ । अध्यक्ष पदका लागि सरिता लामिछाने र निर्देशक तथा कलाकार लय संग्रौलाले उम्मेदवारी दिएका थिए । कलाकार संघका अध्यक्ष रामकेशर बोगटीको दुर्घटनामा परेर निधन भएपछि संघले निर्वाचन गराउने तयारी गरेको थियो ।

## अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Loathe = हेलाँ गर्नु In most of the film villains are loathed by the audience (सबैजसो चलचित्रमा भिलेनहरूलाई दर्शकहरूले घृणा गर्दछन्)

Motility = नअडिकन आफैँ क्रियाशील (चली) भइराख्न सक्ने Certain organism of our body shows remarkable motility (हाम्रा शरीरका केही अंगहरू आफैँ अचम्मले चलिरहेका हुन्छन्)

Nemesis = गल्ती गरेकोमा कुनै पनि हालतमा दण्डित हुनपर्ने Everyone has to meet one's nemesis (गल्ती गरेकोमा हरेकले दण्डित हुनै पर्दछ)

Ordeal = मौखिक यातना For every shy girl student, it is an ordeal to speak up in the class (लजालु छात्राको लागि कक्षामा उभिएर बोल्नु यातना पाउनु बराबर हुन्छ)

Propitiate = थोरै दिएर खुसी पार्ने प्रवृत्ति People sacrifice the animal before goddess to propitiate her (मानिसहरू सानो बली दिएर देवी खुसी पार्न चहान्छन्)

Pusillanimous = छेरुवा, कातर Being a man you should not have pusillanimous conduct (लोग्नेमान्छे भएर छेरुवा स्वभाव देखाउनु हुँदैन ।

Robust = कडा, बलियो, दह्रो He is already 80 years old but seems quite robust ऊ ८० वर्षको भइसक्यो तर अझै पनि बलियो देखिन्छ ।

Synchronous = एउटै बेलाको उस्तै खालको Sometimes synchronous discoveries are made in different part of the worlds (कहिलेकाही विश्वको विभिन्न भागमा एकै समयमा एकै किसिमका कुराहरू पत्ता लागेका छन् )

Tremulous = थरथर She was tremulous not because of fear but of excitement (तिनी डरको कारणले नभै उत्तेजनाको कारणले थरथर भएकी थिइन )

Unkempt = फोहर, वास्ता नगरिएको The garden in front of college building looks very unkempt (कलेज भवन अगाडिको बगैंचा निकै फोहोर देखिन्छ)

## हावाहुरी पीडितप्रति मालेको सहानुभूति

काठमाडौं । भर्खरै बारा र पर्सामा हावाहुरीका कारण भएको अपूरणीय जनधनको क्षतिप्रति नेकपा मालेले एक विज्ञप्ति प्रकाशित गरी दिवंगत हुनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली र शोकसंतप्त परिवारजन तथा आफन्तजनप्रति गहिरो समवेदना प्रकट गरेको छ ।

पार्टीद्वारा प्रकाशित विज्ञप्तिमा भनिएको छ- यही २०७५ चैत्र १७ गते साँझ आएको हावाहुरी र असिना-पानीका कारण बारा र पर्सा जिल्लामा दर्जनौंको मृत्यु र ५०० भन्दा बढी घाइते भएको खबरले हामी स्तब्ध र अत्यन्तै दुःखी भएका छौं । प्राकृतिक प्रकोप नियन्त्रण मानिसको नियन्त्रणमा नभए पनि त्यसबाट हुने क्षति न्यूनीकरण गर्न अवश्य पनि सकिन्छ । जनजीविकाका समस्याहरुप्रति सरकारी संवेदनहीनताका कारण जनधनको क्षतिमा वृद्धि भएको कुरा कसैसँग लुकेको छैन । व्यवस्थित तथा सुरक्षित बसोबासको नीति निर्माण एवम् कार्यान्वयन गर्नु सरकारकै जिम्मेदारी हो । यसप्रति सरकार उदासीन छ ।

स्मरणीय छ आगामी बर्षातमा तराई भूभाग बाढीको चपेटामा पर्नु र व्यापक जनधनको क्षति हुनु निश्चितै जस्तो छ । सरकारले सीमा क्षेत्रमा भारतद्वारा निर्मित संरचनाहरुबाट बसे{नि हुने गरेको बाढी र डुबान हुन नदिन के कति पहल गर्‍यो ? सत्ता, भत्ता र परचक्रीको रणनीतिक स्वार्थ संबोधनमा व्यस्त तराई केन्द्रित दलहरुको यस्ता संवेदनशील बिषयहरुमा के भूमिका रह्यो ? जनता अनभिज्ञ छैनन् ।

हिजोको हावाहुरी र असिना-पानीका कारण दिवंगत हुनेहरुप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसंतप्त परिवारजन तथा आफन्तजनमा गहिरो समवेदना व्यक्त गर्दछौं । घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं । साथै मृतकका परिवारजनमा उचित राहत तथा घाइतेहरुको उचित स्वास्थोपचारको व्यवस्था गर्न सरकारसँग माग गर्दछौं । यस दुखद घडीमा राहत र उद्दार कार्यमा सकृय बन्न पार्टीका बारा र पर्सा जिल्ला कमिटीलाई निर्देश गर्दछौं ।

## Get बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Get late = ढिला हुनु We ought to go it's getting late हामी जानु पर्छ ढिला भइसक्यो ।

Get dressed = लुगा लगाउनु You should get dressed in a formal way if you want to participate in this ceremony यो समारोहमा भाग लिने भए तिमीले औपचारिक पोशाक लगाउनु पर्छ ।

Get married = विवाहित हुनु Once you get married only then you know the importance of the family life विवाहित भएपछि मात्रै तिमीले पारिवारिक जीवनको महत्व बुझ्छौ ।

Get ready = तयार रहनु I will come to take you by car so get ready already at 9 O'clock नौ वजे तयार भइराख्नु म तिमीलाई मेरै कारमा लिन आउछु ।

Get reelected = पुन निर्वाचति हुनु As ruling party has failed to implement its election manifesto, there is no chance to get reelected आफनै चुनाव घोषणा पत्र कार्यान्वयन गर्न असफल भएको कारण सत्तारुढ दल पुनरनिर्वाचित हुने संभावना छैन ।

Get dirty = फोहर हुनु Do not wear white shirt here, It will get dirty very soon सेतो कमिज नलगाउ यहा तिमी किनकी यो यहा छिट्टै फोहर हुन्छ ।

Get upset = शोकमा पर्नु The news of accident got him upset दुर्घटनाको समाचारले ऊ शोकमा पर्‍यो ।

Get finished = सिध्याउनु When do you get this work finished तिमीले यो काम कहिले सिध्याउँछौ ?

Get broken = भाचिनु He got his arm broken when he fell down भूइमा पछारिदा उस्ले आफनो हात भाँच्यो ।

Get started = स्टार्ट गर्नु He could not get his car started because its petrol tank was empty पेट्रोल ट्यान्क खाली भएको कारण उस्ले कार स्टार्ट गर्न सकेन ।

## सुडोकु-अंक १४६

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | | | | | | ५ | | |
| | | | | ७ | | ६ | | १ |
| | | | | | ३ | ७ | | |
| | | | | ३ | ६ | | १ | |
| ४ | | | ७ | ५ | ९ | | | ८ |
| | ३ | | ४ | २ | | | | |
| | | ९ | ३ | | | | | |
| २ | | ५ | | ४ | | | | |
| | | ८ | | | | | | ४ |

## अंक १४५ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | ५ | ४ | २ | ६ | १ | ८ | ७ | ९ |
| ९ | ८ | १ | ३ | ४ | ७ | ६ | ५ | २ |
| ७ | २ | ६ | ८ | ५ | ९ | ३ | ४ | १ |
| १ | ४ | ५ | ९ | ३ | २ | ७ | ६ | ८ |
| ८ | ६ | ९ | ५ | ७ | ४ | १ | २ | ३ |
| २ | ७ | ३ | ६ | १ | ८ | ४ | ९ | ५ |
| ६ | ९ | २ | ४ | ८ | ३ | ५ | १ | ७ |
| ५ | ३ | ७ | १ | २ | ६ | ९ | ८ | ४ |
| ४ | १ | ८ | ७ | ९ | ५ | २ | ३ | ६ |

# युपी बिहारका सीमावर्ती क्षेत्रका भारतीयहरूसँग नेपाली नागरिकता छ

**देश फिजी बन्दै सिक्किम हुने अवस्थामा पुगेको छ । देशलाई यस्तो अवस्थामा पुऱ्याउन भारतीय गुप्तचर संस्था रअका नेपाली एजेन्टहरूनै हुन । नेपालमा माओवादी जनयुद्धलाई भारतले किन मलजल गरेको रहेछ भन्ने कुरा समय बित्दै जाँदा स्पष्ट हुँदै आएको छ । हिजो दोस्रो दिल्ली सम्झौता गरी राजतन्त्र फाल्ने बित्तिकै नागरिकता विधेयक पास गरी ६३ लाख भारतीयहरूलाई नेपाली नागरिकता बाँडिसकिएको छ । नेपालभित्रका भारतीय आप्रवासीहरू मात्रै नभै युपी र विहारका लाखौ भारतीयहरूसंग नेपाली नागरिकता छ भन्ने कुरा ग्रेटर नेपाल साप्ताहिकले पहिलेदेखि नै उठाउँदै आएको हो । मदन ढुगानाद्वारा लेखिएको तलको लेखले हामीले भन्दै आएको कुरा प्रपोगाण्डा होइन रहेछ भन्ने कुरा प्रमाणित भएको छ । त्यसैले यस लेखलाई साभार गरी प्रकाशन गरेका छौ । – सुरेन्द्र ढकाल**

■ **मदन ढुंगाना**

केही दिनअघि गृह मन्त्रालयले ७७ वटै जिल्ला प्रशासन कार्यालयहरुलाई परिपत्र गर्दै जन्मका आधारमा नागरिकता पाएकाको सन्तानलाई वंशजका आधारमा नागरिकता दिन सर्कुलर जारी गर्यो ।

गृह मन्त्रालयको सर्कलुर त्यति बेला आयो, जतिबेला नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक संसदमा विचाराधीन अवस्थामा थियो । गृह मन्त्रालय आँफैले संसद्मा दर्ता गरेको विधेयकमाथि राज्य व्यवस्था समितिमा छलफल चलिरहेकै अवस्थामा गृह मन्त्रालयले संसद्को अवहेलना गर्दै सर्कुलर जारी गर्यो ।




गृह मन्त्रालयको सर्कुलरसँगै नेकपाका नेता भीम रावलले एक ट्वीट गर्दै 'कानुन नबन्दै हतारमा सर्कुलर जारी गरेर सरकारले २०६३ कै हतारोलाई निरन्तरता दिएको' आरोप लगाए ।

उनले लेखे, 'सरकार संसदप्रति उत्तरदायी हुने कुरा भनिरहनु पर्दैन । तर विडम्बना, नागरिकतासम्बन्धी विधेयक संसदमा छलफलमा रहेको बेला सरकारले नागरिकता वितरणबारे निर्देशन जारी गर्यो । यो नेपालको संविधान नआउँदै २०६३ सालमा नागरिकता ऐन ल्याउने हतारो कै पुनरावृत्ति हो कि ?'

भीम रावलको यो असन्तुष्टी र आपत्तिसँगै अन्य नेताहरुले पनि सरकारको सर्कुलरप्रति आपत्ति जनाए । त्यसपछि यस विषय ज्यादै पेचिलो पनि बन्यो ।

के हो नागरिकता वितरणसम्बन्धी सरकारको सर्कलुर ?

गृह मन्त्रालयले चैत १९ गते एकाएक एउटा सर्कुलर जारी गर्यो । 'जन्मका आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा' जारी गरिएको उक्त सर्कुलरमा जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता प्रदान गर्न निर्देशन जारी गरिएको छ ।

यो सर्कुलरसँगै अब जन्मका आधारमा नागरिकता पाएकाको बालिग सन्तानले वंशजका आधारमा नागरिकता पाउने बाटो खुल्यो ।

'अहिले व्यवस्था फेरिएको छ, अवस्था फेरिएको छ । २०६३ को अन्तरिम संविधानलाई हेरेर बनेको ऐन यतिबेला विस्थापनको अवस्थामा छ । नागरिकतासम्बन्धी विधेयक अहिले संसद्मा विचाराधीन रहेको छ । त्यसकारण संसद्लाई बाइपास गरेर परिपत्र दिँदै कार्यन्वयन गर्न मिल्दैन ।'

गृह मन्त्रालयले यो निर्णय तब दियो, जब सर्वोच्च अदालतमा परेको नागरिकता प्राप्ति सम्बन्धी एक मुद्दामा कानुन बमोजिम नागरिकता दिने व्यवस्था गर्नु भनी आदेश भयो ।

अहिले गृह मन्त्रालयले जारी गरेको सर्कुलर नेपाल नागरिकता ऐन २०६३ अनुसार हो । यो ऐन अन्तरिम संविधानको आधारमा तयार गरिएको थियो ।

तर २०७२ सालमा नयाँ संविधान आएपछि नागरिकता ऐनलाई नयाँ बनाउने गृहकार्य भइरहेको थियो । नेपाल नागरिकता ऐन २०६३ लाई विस्थापन गर्न गृह मन्त्रालय आँफैले संसद्मा दर्ता गरेको विधेयकको टुङ्गो नलाग्दै यस्तो सर्कुलर जारी गरेर 'देशलाई सिक्किमीकरण गर्न लागेको' कतिपयको आरोप छ ।

नेकपाका नेता भीम रावलले 'नागरिकतासम्बन्धी विषय अत्यन्तै संवेदनशील र महत्वपूर्ण भएकाले यसलाई हेलचेक्राई गर्न नहुने' बताए । 'नागरिकता वितरणसम्बन्धी विषय नेपालको जनसङ्ख्या नीतिसँग सम्बन्धीत विषय भएकाले पहिले नीति कस्तो हुने भन्ने प्रष्ट पार्नुपर्ने' उनले बताए ।

नेता रावलले '२००९ सालदेखिकै इतिहास हेर्ने हो भने प्रत्येक सरकारले नागरिकता वितरणलाई खुकुलो बनाएको' भन्दै 'यसले नेपालको अस्तित्व नै समाप्त पार्नेसम्मको खतरा देखा परेको' दाबी गरे ।

'संविधानले कसैलाई नागरिकता नदिने नभनेको भन्दै संविधानलाई कार्यन्वयन गर्न ऐनको निर्माण हुनुपर्ने' तर्फ पनि उनले सचेत गराए । उनले भने 'अहिले व्यवस्था फेरिएको छ, अवस्था फेरिएको छ । २०६३ को अन्तरिम संविधानलाई हेरेर बनेको ऐन यतिबेला विस्थापनको अवस्थामा छ । नागरिकतासम्बन्धी विधेयक अहिले संसद्मा विचाराधीन रहेको छ । त्यसकारण संसद्लाई बाइपास गरेर परिपत्र दिँदै कार्यन्वयन गर्न मिल्दैन ।'

'सर्वोच्चको फैसलामा कानुनबमोजिम भनेकाले कानुन नै नबनेको अवस्थामा कानुनबमोजिम गरेको भन्नु नै गैरकानुनी हुने' नेता भीम रावलले दाबी गरे ।

'नागरिकता विधेयक पहिलो कुरा त अहिले ल्याउनु जरुरी नै छैन । नागरिकता विधेयक ल्याउनुको मूल उद्देश्य पनि विदेशीहरुलाई नागरिकता दिनु नै हो । नागरिकता विधेयक अहिले किन ल्याउनु जरुरी छैन भने २०७२ साल असोज ३ गतेसम्म जन्मको आधारमा नागरिकता पाउनेका सन्तानले १६ वर्षको उमेरमा नागरिकता पाउने हो । त्यो भनेको २०८८ सालमा हो, जतिबेला उनीहरु १६ वर्ष पुग्नेछन् ।'

'नागरिकता ऐन २०६३ को दोस्रो संशोधन २०६४ ले अङ्गीकृत वा जन्मका आधारमा नागरिकता प्राप्त गरेकाहरुको सन्तानलाई २ वर्षभित्र आफ्ना नाम दर्ता गराउन भनिएको थियो । तर उनीहरुले त्यो समयमा नाम दर्ता गराए कि गराएनन्, भन्ने पनि त खोज्नुपर्यो ।' नेता रावलको जिकीर छ ।

अहिले गृह मन्त्रालयको सर्कुलरमा नागरिकता प्राप्त गर्न नसक्दा 'शैक्षिक वा वृत्ति विकास गर्न नपाएको' विषय उल्लेख गरेको भन्दै त्यस्तो अवस्थामा छुट्टै व्यवस्था गर्न सकिने दाबी गरे । उनले भने 'यदि त्यस्तै समस्या परेको नै हो भने सरकारले कुनै परिचयपत्र दिएर विशेष व्यवस्था गर्न सक्ने भन्दै सरकारले गलत बाटो रोजेको दाबी गरे ।

'सरकारले हतारोमा नागरिकता वितरणको सर्कुलर जारी गरेको भन्दै इतिहासमा देशलाई कमजोर बनाउनका लागि कसैलाई नागरिकता दिइएको कामलाई निरन्तरता दिन खोजिएको' नेता रावलले दाबी गरे । उनले भने, 'ल मानौं उनीहरुलाई अहिले अप्ठेरो नै छ रे ! तर के हिजो गरिएको गल्तीको पाठ नै नसिक्ने ? केही मानिसलाई अप्ठेरो पर्यो भनेर देशलाई नै अप्ठेरोमा पार्ने ? संविधानभन्दा माथि त कोही पनि हुँदैनन् नि ।'

'किन ल्याउनु जरुरी छैन भने २०७२ साल असोज ३ गतेसम्म जन्मको आधारमा नागरिकता पाउनेका सन्तानले १६ वर्षको उमेरमा नागरिकता पाउने हो । त्यो भनेको २०८८ सालमा हो, जतिबेला उनीहरु १६ वर्ष पुग्नेछन् ।'

'त्यो भन्दा अगाडि जन्मेको व्यक्तिको हकमा कुरा गर्ने हो भने ऊ नेपाली नागरिक पनि होइन । नेपालमै नजन्मिएको व्यक्तिले कसरी जन्मका आधारमा नागरिकता पाउने भन्ने सवाल हुन्छ ।'


**विदेशीलाई राष्ट्रपति बनाउने दाऊ**

नेता भण्डारीका अनुसार, 'यो सर्कुलरको उद्देश्य भनेको जन्मका आधारमा नागरिकता लिएका विदेशीहरुलाई सदर गर्ने र ती विदेशीका सन्तानलाई वंशजको नागरिकता दिएर राष्ट्रपतिसम्म बन्ने बाटो खोल्ने नियत हो । किनभने २०७२ सालको १६ वर्ष भनेको २०७५ साल होइन । नागरिकता दिनै परे पनि ती अङ्गीकृतका सन्तानलाई नागरिकता दिने भनेको २०८८ साल पछि हो । अहिलै दिनुपर्ने स्थिति आएमा उनीहरुलाई अङ्गीकृत नागरिकता दिने हो ।'

उनले थपे, 'नागरिकता विधेयक नै मिलाउन परेपनि २०८९ सालमा आउनुपर्ने विधेयकलाई २०७५ सालमै ल्याइएको छ । यसको उद्धेश्य विदेशी नागरिकका सन्तानलाई वा जो विदेशमा जन्मिएका छन्, विदेशी छन्, उनीहरुका सन्तानालाई नेपाली नागरिकता दिने नियतबाट आएको छ ।'

'जो २०७२ सालभन्दा अगाडि नै जन्मेको छ र उसको बुवाको अङ्गीकृत नागरिकता छ भने उसले पनि १६ वर्ष भएपछि अङ्गीकृत नागरिकता नै पाउने हो । तर यहाँ वंशजको नागरिकता दिन खोजियो । समस्या त्यहीँ हो ।'

'अहिलेको गृहमन्त्रीको सर्कुलर हेर्नु भयो होला नि । त्यहाँ जन्मका आधारमा नागरिकता लिएका व्यक्तिका सन्तानलाई वंशजको आधारमा नागरिकता दिने भनिएको छ । नागरिकता लिनुभन्दा पहिले जन्मिएका सन्तानले नागरिकता पाउँदा अङ्गीकृत नागरिकता पाउने हो । वंशजका आधारमा नागरिकता त पाउँदैन नि ! वंशजका आधारमा नागरिकता लिएकाहरुको सन्तानलाई वंशजकै आधारमा नागरिकता दिन त कसले पो रोकेको छ र कहिले पो रोकिएको छ ।'



नेपाल सरकार
गृह मन्त्रालय
नागरिकता, सिफारिस, परिचयपत्र व्यवस्थापन शाखा

फ्याक्स नं. ०१-४२११९४६
फोन नं. ०१-४२११२४४
E-mail- nagarikta@moha.gov.np

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:- ना.प.व्य/०७५/७६
प्राप्त पत्र संख्या र मिति:-
च.नं.- ४८३

मिति:-२०७५।१२।१९

विषय: जन्मको आधारमा नागरिकता प्राप्त गरेका नागरिकका सन्तानलाई नागरिकता दिने सम्बन्धमा ।

श्री जिल्ला प्रशासन कार्यालय,
सबै (७७ जिल्ला) ।

विद्यमान नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न पेश भएको विधेयक संघीय संसदमा विचाराधीन रहेको लामो समय भएको, सम्मानित सर्वोच्च अदालतबाट जन्मको आधारमा नागरिकता प्राप्त नागरिकका सन्तानलाई कानून बमोजिम नागरिकता दिन आदेश भएको र नागरिकका उमेर पुगिसकेका बालिग सन्तानले नागरिकता नपाएर आफ्नो शैक्षिक एवं वृत्ति विकास गर्न नपाई झेलिरहनु परेको समस्यालाई संबोधन गर्न आवश्यक भएकोले, नेपालको संविधानको धारा ११ को उपधारा (३) को व्यवस्था बमोजिम जन्मको आधारमा नेपाली नागरिकता प्राप्त नागरिकका सन्तानले आफ्नो बाबु र आमाको नेपाली नागरिकताको प्रमाणपत्र संलग्न गरी नेपाली नागरिकता पाउन निवेदन दिएमा नेपाल नागरिकता ऐन, २०६३, नेपाल नागरिकता नियमावली, २०६३ र नागरिकता प्रमाणपत्र वितरण कार्यविधि निर्देशिका, २०६३ बमोजिम वंशजको आधारमा नागरिकता प्रदान गर्दा अपनाउनु पर्ने कार्यविधि प्रक्रिया अपनाई जे जो बुझ्नुपर्छ बुझी उपयुक्त देखिएमा वंशजको आधारमा नागरिकता प्रदान गर्न सकिने भनी यस मन्त्रालयबाट मिति २०७५।१२।१९ मा (मा.मन्त्रीस्तर) निर्णय भएकोले निर्णयानुसार गर्नु हुन अनुरोध गर्दछु ।

(गंगाप्रसाद न्यौपाने)
उप-सचिव

बोधार्थ:
श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार काठमाडौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
प्रदेश नं.१/प्रदेश नं.२/प्रदेश नं.३/गण्डकी प्रदेश/प्रदेश नं.५/कर्णाली प्रदेश/सुदुरपश्चिम प्रदेश

D:\Nagarikta Section\all nagarikata\letters of 2075.076.docx

**भारतीयलाई नागरिकता दिने खेल : साध्य बहादुर भण्डारी, नेता नेकपा**

गृह मन्त्रालयले चैत १९ गते नागरिकता



वितरणसम्बन्धी सर्कुलर जारी गरेसँगै त्यसको आधार र कारणसहित बिरोध गर्दै आएका छन् । नेता भण्डारीले देश सिक्कीमीकरण र फिजीकरणको बाटोमा पुगेको भन्दै असन्तुष्टी जनाएका छन् ।

उनले भने 'नागरिकता विधेयक पहिलो कुरा त अहिले ल्याउनु जरुरी नै छैन । नागरिकता विधेयक ल्याउनुको मूल उद्देश्य पनि विदेशीहरुलाई नागरिकता दिनु नै हो । नागरिकता विधेयक अहिले

'तर अहिले गरिएको प्रपञ्च भनेको विदेशी नागरिक र तिनका सन्तानलाई नागरिकता दिने प्रपञ्च हो । जुन राष्ट्रघाती, देशविरोधी र विदेशीलाई नागरिकता दिने षडयन्त्रबाट प्रेरित छ ।'

'तत्कालीन माओवादीका साथीहरुले यो विधेयकलाई बिरोध गर्नुभएकै छैन । यस्तो भनेको उनीहरु भारतप्रति आकर्षण भएर हो र भारतीयलाई नागरिकता दिने प्रयासमा सहयोगी बनिरहनु भएको छ ।' 'जन्मका आधारमा नागरिकता दिने भनेकै हाम्रो जस्तो देशमा विदेशीलाई नागरिकता दिने हो । स्वदेशीहरुले त वंशजका आधारमा नागरिकता पाइ नै रहेका छन् ।'

'२००९ सालदेखि २०१९ सालसम्म जन्मका आधारमा नागरिकता दिँदा ती भारतीयहरु जो खुल्ला सिमानाको फाइदा उठाएर बसे र उनीहरुका सन्तानले बसेको आधारमा नागरिकता पाए । त्यतिबेला ३८ लाख भारतीयमध्ये २३ लाख ८७ हजार ९ सय ७३ जनाले २०३६ सालभन्दा अगाडि भएको जन्मको आधारमा नागरिकता लिए ।'

'जन्मको आधारमा नागरिकता दिने काम पछि कहिले खुल्यो भन्दा १२ बुँदे सम्झौतापछि यो आधार तयार भयो । त्यो भनेको नेपालमा २०३६ सालभन्दा पछाडि आएर बसोबास गर्ने भारतीयहरु र नेपालमा व्यापार व्यवसाय गर्नेलाई नागरिकता दिने नियत थियो ।' अहिले दिन खोजिएको नागरिकता भनेको २०६३ सालदेखि २०६५ सालसम्मको कानुनको आधारमा हो ।

भारतीय प्रख्यात लेखक तथा प्राध्यापक मुकेशकुमार सिंहले 'नेपाल इन चाइनाज फरेन पोलिसी' नामक पुस्तकको १९ नम्बर पेजमा 'गिरिजाप्रसाद कोइराला हुँदै माधव नेपाल र माओवादीसम्मको एक तप्कालाई भारतले आफ्नो पकडमा लिई नेपाललाई भारतमा विलय गराउनका लागि एउटा सहज बाटो तयार भयो' भनेर लेखेका छन् ।

त्यसबाहेक सोही पुस्तकमा '२००६ को मधेश आन्दोलनको समयमा भारतीयहरु नेपाल प्रवेश गरेर त्यहाँ आन्दोलन गरेर नागरिकता लिएका छन् र अब नेपाललाई लिनका लागि कुनै गाह्रो छैन भनेर उल्लेख गरेका छन् । त्यसपछि नेपाललाई सिक्किम जस्तै बनाउने र भुटानलाई पनि भारतमै विलय गराउने इन्दिरा गान्धीको सपना पूरा हुँदैछ' भनेर पनि उनले लेखेका छन् ।

**४० लाख भारतीयलाई नागरिकता दिने प्रपञ्च**

यसको अर्थ अहिले यस्तो खालको नागरिकता विधेयक ल्याउने र पहिलेको २३ लाख अनि अहिलेको ४० लाख भारतीयलाई नागरिकता दिने प्रयत्न गर्ने भनेको नेपाललाई भारतीय भूमिमा विलय गराउने योजना हो ।

यूपी बिहारका सीमावर्ती क्षेत्रका आधा भारतीयसँग नेपालको नागरिकता !

नेता भण्डारीका अनुसार अहिले पनि यूपी, बिहार र पश्चिम बंगालका सीमावर्ती क्षेत्रका आधा मान्छेसँग नेपाली नागरिकता रहेको छ । उनले भने 'ती स्थानहरुका आधा भारतीय नागरिकका सन्तानलाई नागरिकता दिनका लागि यो विधेयक ल्याइएको हो र यसले नेपाललाई सिक्किमीकरण र फिजीकरण तर्फ लैजाँदैछ ।'

**हेर्दाहेर्दै देश सिक्किमीकरण हुन्छ : चित्र बहादुर केसी**

यता राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर




केसीले नागरिकता विधेयक खारेज गर्न नसके देश सिक्किम बन्ने दाबा गरेका छन् । बुटवलमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष केसीले विदेशीलाई नागरिकता दिलाएर नेपाललाई फिजीकरण र सिक्किमीकरण बनाउने खेल भइरहेको बताएका थिए ।

उनले भने देश अब फिजी, सिक्किम हुनेवाला छ । मैलै तपाईंहरूलाई उत्तेजित बनाउन भनेको होइन ।' जन्मको आधारमा नागरिकता दिने सरकारको पछिल्लो निर्णय राष्ट्रघाती कदम भएको टिप्पणी गर्दै संसदमा छलफलकै क्रममा रहेको नागरिकता विधेयकलाई लत्याएर सरकारले प्रमुख जिल्ला अधिकारी मार्फत विदेशीलाई नागरिकता बाँड्ने काम गरेको आरोप केसीले लगाए ।

**राष्ट्रपति बनाउन विदेशीलाई नागरिकता** !

'अंगीकृतबाट जन्मिएकालाई वंशजको नागरिकता दिनु पछाडिको कारण के हो ?' केसीले प्रश्न गरे, 'सांसद बनाउन छेकेको थिएन, अब राष्ट्रपति बनाउन वंशज बनाउने खेल भएको हो । हिजोको शासकहरूको जुन गति थियो, नेकपाहरू पनि उतै (भारत) कै दबाबमा परे । सीडीओले धमाधम नागरिकता बाँड्न थाले, अब नेपाली नै अल्पमतमा पर्नेवाला छन् ।'

प्रदेश नम्बर २ का महान्यायाधिवक्ता दीपेन्द्र झाले पनि कुनै पनि व्यक्तिलाई नागरिकताविहीन बनाउन नहुने भन्दै सरकारको सर्कुलरको कार्यन्वयन माग गरिरहेका छन् । केही दिनअघि एक अनलाइनमा ब्लग लेख्दै महान्यायाधिवक्ता झाले सर्वोच्च अदालतको आदेश पनि नमान्ने र गृहले जारी गरेको सर्कुलर पनि सिडियो कार्यालयले नमानेको भन्दै आपत्ति जनाएका थिए ।

पूर्वमन्त्री समेत रहेका अध्यक्ष केसीले थपे, 'उस्तै परे संसदभित्रबाट फेल हुने हो कि भनेर यो कदम चालिएको हो । नागरिकता विधेयक खारेज गर्न नसके हेर्दा हेर्दै फिजी, सिक्किम हुनेवाला छ, मैलै तपाईंहरूलाई उत्तेजित बनाउन भनेको होइन ।' संघीयता नेपाली जनताको समृद्धिका लागि नल्याइएको केसीको भनाइ छ ।

अङ्गीकृत नागरिकता हटाउन उपेन्द्रले माग गरे

नागरिकता विवादकै बीच संघीय समाजवादी फोरमका अध्यक्ष उपेन्द्र यादवले अङ्गीकृत नागरिकता दिने प्रावधान हटाउनुपर्ने बताइसकेका छन् । केही दिनअघि मात्रै बिराटनगर विमानस्थलमा सञ्चारकर्मीसँग कुराकानी गर्दै उपप्रधानमन्त्रीसमेत रहेका यादवले अङ्गीकृतलाई नागरिकता दिने व्यवस्था बन्द गर्न आग्रह गरेका हुन् । यद्यपि नेपाली नागरिकलाई सहज र सरल रूपले नागरिकता उपलब्धता हुने अवस्था मिलाउनुपर्ने भन्दै उनले विदेशीलाई नागरिकता दिने व्यवस्थाको बिरोध गरेका हुन् ।

**सर्वोच्चको आदेश पनि नमान्ने ?**

**दीपेन्द्र झा, महान्यायाधिवक्ता, प्रदेश नम्बर २ सरकार**

यता प्रदेश नम्बर २ का महान्यायाधिवक्ता दीपेन्द्र झाले पनि कुनै पनि व्यक्तिलाई नागरिकताविहीन बनाउन नहुने भन्दै सरकारको सर्कुलरको कार्यन्वयन माग गरिरहेका छन् । केही दिनअघि एक अनलाइनमा ब्लग लेख्दै महान्यायाधिवक्ता झाले सर्वोच्च अदालतको आदेश पनि नमान्ने र गृहले जारी गरेको सर्कुलर पनि सिडियो कार्यालयले नमानेको भन्दै आपत्ति जनाएका थिए । बुवा र आमाको जन्मका आधारमा नागरिकता भएकाको पनि वंशजका आधारमा नागरिकता दिन नमानेको भन्दै त्यसप्रति आपत्ति जनाएका थिए ।

**सर्वोच्चले भन्यो, "गृहको सर्कुलर यथास्थितिमा राख्नु"**

यसैबीच चैत २५ गते सोमबार मात्रै सर्वोच्च अदालतले गृह मन्त्रालयको सर्कुलर कार्यन्वयन नगर्न गृह मन्त्रालयलाई निर्देशनसमेत दिएको छ । यसअघि सर्वोच्च अदालतको आदेश भन्दै गृहले सर्कुलर जारी गरेपनि सर्वोच्च अदालतले नै तत्काल सर्कुलर कार्यन्वयन नगर्न निर्देशन दिएको छ । गृहको सर्कुलर कार्यन्वयन नगर्न माग गर्दै वरिष्ठ अधिवक्ता बालकृष्ण न्यौपानेले दायर गरेको रीटमा न्यायाधीश पुरुषोत्तम भण्डारीले अन्तरिम आदेश दिँदै गृहको पत्रलाई यथास्थितिमा राख्न आदेश दिएका हुन् । सर्वोच्चको यस आदेशसँगै अब गृहको परिपत्र फ्रिज भएको छ ।

Remember us for the Construction 0f Private and Public Works

EWES East West Engineering Service Pvt. Ltd.
Consulting Architects, Engineers & Planners

GPO box no : - 8621, Kathmandu Nepal
Phone : +977-1- 4373316 , Fax- 4650203
Website: http://www .ewesnepal .com ä®:
E-mail: info@ewesnepal .com , hbgewe@gmail .com

Office Equipment Problems?
Get your solution today!
CrossWeb Office Automation Pvt. Ltd.
sales - service - support
happy to help
Same day service including:
:: Selection of Office Equipment
:: Sales & Services of Office Equipment
:: Network Setup and CCTV Surveillance Installation
:: Sales & Services of EPABX & Security Equipment
:: Data Backup and Recovery
:: Server & client configuration etc.
Our qualified technicians guarantee all of our work and parts.
Call us today for free advice and estimates
977 1 4444531, 4444532, 9851051003
E-mail: crossweb@mail.com.np; www.crossweb.com.np/contact
https://www.facebook.com/crossweb.automation.3

## रोकिएन...

लागि आएका बिरामीलाई आन्दोलनरत चिकित्सकले सेवा प्रदान गरिरहेका छन् । बिहीबार अस्पतालको प्राङगणमा बिहान ९ बजेदेखि ओपीडी सेवा प्रदान गरिएको सरकारी चिकित्सक संघका केन्द्रीय अध्यक्ष डाक्टर दीपेन्द्र पाण्डेले बताए । टेण्ड टागेर नागरिकको उपचारमा व्यवस्थित बनाइएको डा. पाण्डेले बताए । कर्मचारी अध्यादेश २०७५ सार्वजनिक भएलगत्तै चिकित्सकहरुले आफूहरुलाई संघ अन्तर्गत राखेर देशभर खटाउनुपर्ने माग राख्दै पुष २२ देखि आन्दोलन गर्दै आइरहेका थिए । सामान्य प्रशासन मन्त्रालयले केही समय पहिला सार्वजनिक गरेको कर्मचारी समायोजन सूची सरकार र चिकित्सकसँग भएको सम्झौता विपरित आएको भन्दै चिकित्सकहरु आन्दोलित थिए ।

कर्मचारी समायोजनको सूची सार्वजनिक भएपछि तत्काल सरकारी चिकित्सकले आन्दोलनका कार्यक्रम घोषणा गरेको आज साता बितिसक्दा पनि सरकारले कुनै पनि चासो दिएको छैन । अहिलेसम्म सरकारले वार्ताको लागि कुनै पनि पहल नगरेको हुँदा माग सम्बोधन नभएसम्म अस्पतालको प्राङ्गणमै स्वास्थ्य सेवा दिने बताएका छन् ।

## साइकल...

खाका बनाउन दिएको छ । महानगरले आफ्नो हाताभित्रै साइकल स्ट्यान्ड समेत निर्माण गर्ने भएको छ ।

'अब स्थानीय तहले पनि कानुन बनाउन पाउँछ । सोही अन्तर्गत हामी साइकल ऐन बनाएर अघि बढ्छौं । आगामी असार २५ गतेको नगर सभाले साइकल ऐन पास गर्न पाउने गरी एउटा ड्राफ्ट बनाउन म सोसाइटीलाई अनुरोध गर्छु । त्यहीअनुसार नीति बनाएर लागू गरिनेछ,' महर्जनले भने । उनका अनुसार पहिलो चरणका काम भएपछि थप विस्तार गर्न गोदावरी नगरपालिकासँग पनि साझेदारी गरिनेछ । साइकलमैत्री महानगर बनेपछि महानगर झन् सुन्दर हुने लागेको पूर्व ट्राफिक प्रहरी निरीक्षक सीताराम हाछेथुले बताए ।

'महानगरको यो अत्यन्तै उदाहरणीय काम हो । साइकलमैत्री सहरमा प्रदूषण कम हुन्छ । सहरै सफा हुन्छ,' उनले भने । उनका अनुसार कुपण्डोलदेखि लगनखेलसम्म अहिले भइरहेको सडकमै साइकल आएमा यसलाई प्राथमिकता दिनुपर्नेछ । विभिन्न ठाउँमा साइकल चिह्न राखिनेछ । दायाँतिर साइकल हिँड्ने बाटोमा साइकलका चिन्ह बनाइनेछ । यसका लागि थप ट्रफिक जनशक्ति आवश्यक पर्दैन । महानगरको पाटन दरबार क्षेत्र केन्द्र बनाएर चारै दिशाबाट चारवटा साइकल लेन बनाउने योजना छ । ललितपुर महानगरले साइकलमैत्री सहर बनाउन सके पहिलो साइकलमैत्री सहर हुने साइकल सोसाइटीले जनाएको छ ।

## फेरि...

भण्डारीले भने, 'सरकारले मुलुकको समस्या समाधान गर्नुपर्छ, हामी त्यसका लागि सडकमा उत्रिन बाध्य भयौं ।' राजपा नेपालले प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारलाई दिँदै आएको समर्थन एक महिनाअघि फिर्ता लिएको थियो ।

त्यसपछि विभिन्न प्रदेशमा भएको राजपा नेपालको विस्तारित बैठकमा सरकारविरुद्ध आन्दोलनमा जानुपर्ने सुझाव नेताहरूले दिएका थिए । पहिलो चरणको आन्दोलन कार्यतालिका अनुसार २९ चैत (शुक्रबार) सबै जिल्लामा प्रदर्शन र कोणसभा गरिने राजपा नेपालका महासचिव केशव झाले बताए ।

आन्दोलनमा जुट्न आफ्ना कार्यकर्तालाई निर्देशन दिँदै राजपाले जिल्ला समितिमा पत्राचारसमेत गरेको छ । संविधान संशोधन गर्नुपर्ने, लाल आयोगको प्रतिवेदन तत्काल सार्वजनिक गर्नुपर्ने, रेशम चौधरीलगायत आन्दोलनकारी राजबन्दीलाई तत्काल रिहाइ गर्नुपर्ने, आन्दोलनकारीमाथिको मुद्दा फिर्ता गर्नुपर्ने, जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता दिनुपर्ने माग राजपा नेपालको छ ।

यसैगरी, लाखौं नेपाली नागरिकलाई राज्यविहीन बनाउने षड्यन्त्र बन्द गर्नुपर्ने, भ्रष्टाचारी, कालोबजारी, महँगी, बेरोजगारी अन्त्य गर्नुपर्ने, राष्ट्रिय अखण्डता र एकतालाई कमजोर पार्ने काम बन्द गर्नुपर्ने, राज्य आतंक र लोकतन्त्रविरोधी गतिविधि बन्द गर्नुपर्नेलगायत माग रहेको महासचिव झाले बताए ।

राजपा नेपालका महासचिव जितेन्द्र सिंहले सरकारको गलत रबैयाका कारण पार्टी आन्दोलनमा जानुपरेको बताए । सरकारका कुनै पनि काम नेपाली जनताको पक्षमा नरहेकाले प्रत्येक जिल्लामा सशक्त रूपमा आन्दोलनका कार्यक्रम अघि बढाउने उनले बताए । 'पार्टीले सबै जिल्ला अध्यक्ष मण्डललाई आन्तरिक सर्कुलर जारी गरिसकेको छ,' सिंहले भने, 'सरकारले हाम्रा माग पूरा गर्दैन भने हामी अझ सशक्त र कडा आन्दोलनका कार्यक्रम ल्याउँछौं ।'

आन्दोलन घोषणा गरेका राजपा नेपालले मुद्दा मिल्ने अन्य पार्टीसँग पनि सहकार्य गरेर आन्दोलनलाई अझै व्यवस्थित एवं कडा बनाउने उनले बताए । राजपा नेपालका अर्का महासचिव अजय गुप्ताले लाखौं जनताको माग संविधान संशोधन गर्नुपर्ने भए पनि सरकारले त्यस विषयमा चासो नै नदिएको आरोप लगाए । जनताको माग सम्बोधन नगर्ने सरकारविरुद्ध नेपाली जनतासँगै राजपाले सडकदेखि सदनसम्म आन्दोलन जारी राख्ने उनले बताए ।

लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने माग गर्दै राजपा नेपालले संघीय संसद् अवरुद्ध गर्दै आएको छ । संसद् बैठकमा राजपाका सांसदले लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, संविधान संशोधन प्रक्रिया अघि बढाउनुपर्नेलगायतका माग गर्दै आएका छन् ।

## नेपाली एकता...

नेपालबाट सहभागी रहनुभएको थियो । कार्यक्रमको अतिथिहरुमा नेपालबाट आउनुभएका युवा व्यवसायी दीपक चापागाइँ, ओएनयुएफका केन्द्रीय सदस्यहरु एलिसा सिंह, चुडामणि अधिकारी, नेत्र चौधरी, वैरागी माइला, एनपी गौतम, भोला पौडेल, समाजसेवी खगेन्द्र खत्री, रामेछाप सम्पर्क समितिका पूर्व अध्यक्ष भीम खड्का, नेपाल राष्ट्रिय शिक्षक संगठनका पूर्वप्रतिनिधि भूपाल थापा, समेतको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा १०० जनाभन्दा बढी कोरियामा कार्यरत नेपालीहरुको

उपस्थिति रहेको थियो । नेकपा निकट कोरिया प्रवासमा रहेका नेपालीहरुबीच भावनात्मक रुपमै एकता सम्पन्न भएको सन्देश कार्यक्रमले दिएको सहभागीले प्रतिक्रिया दिएका छन् ।

उक्त भेलाले नेपालको तेह्रथुम जिल्लाबाट कोरिया गई विगत पाँच वर्ष अगाडिदेखि काम गरिरहनुभएका मदन उप्रेतीको अध्यक्षतामा फरान, सुवन क्षेत्रीय कमिटी निर्वाचित गरेको छ ।

उक्त कमिटीमा यस प्रकार पदाधिकारी र सदस्यहरु रहेका छन् । अध्यक्ष मदन उप्रेती, उपाध्यक्षद्वय राजेश विमली, भोला तिवारी, सचिव हरि थापा, सहसचिव उर्मिला माझी, कोषाध्यक्ष पवित्रा भण्डारी र सदस्यहरुमा नरेश मुक्तान, देवानसिंह राई, अर्जुन घिमिरे, दशरथ कुँवर, मीन आले, जुनु उप्रेती, विज्ञान खड्का, दिनेश मगर, राजेश कार्की, ईश्वर केसी, कुमार खड्का, विकास जोशी, सन्तोष चौलागाईं, दिपेन्द्र खत्री, दीपक सापकोटा, ठाकुर भन्तना, रमेश धमला, अनुप कार्की र बुद्ध शर्मा रहनुभएको छ ।

## भारतमा...

छन् । कृषि क्षेत्रको कुल गार्हस्थ्य उत्पादन १७.६२ प्रतिशत छ भारतमा । हालै प्रकाशित तथ्यांक अनुसार सन् २०१४ देखि १८ प्रतिशत भारतीय नागरिकको बराबर सम्पत्ति छ । भारतमा कृषि क्षेत्रमा कुल श्रमशक्तिको ६७ प्रतिशत खपत हुने गरेका छन् । यसले भारतमा धनी र गरिबबीचको खाडल भयानक रहेको थाहा हुन्छ । गएको वर्ष ३ खर्ब डलर बराबरको कुल गार्हथ्य आम्दानी रह्यो र भारत अहिले विश्वको पाँचौं धनाढ्य देश बन्न पुगेको छ । सन् २०१८ मा भारतले १ खर्ब डलर बराबरको व्यापार गरेको थियो ।

सन् २०१४ मा भएको निर्वाचनमा भाजपाका पक्षमा हिन्दु मुस्लिम दंगामा विवादित भए पनि गुजरात मोडल भनेर विकासमा प्रख्याती कमाएका तत्कालीन मुख्यमन्त्री नरेन्द्र मोदीले जबर्जस्ती प्रभाव पारेका थिए । उक्त निर्वाचनमा भाजपा एक्लैले २८२ सिट जित्यो । उसले नेतृत्व गरेको एनडीएले ३३७ स्थान पायो । चुनावपछि एआइडीएमके सामेल भएपछि गठबन्धनको कुल सिट ३७३ (६८.४) प्रतिशत पुग्यो । चुनावमा कांग्रेसले हारेको मात्र थिएन, भारतको संविधानअनुसार संसदमा प्रतिपक्षीको मान्यता पाउन ल्याउनुपर्ने १० प्रतिशत (५५) सिट जित्न सकेको थिएन । ४४ सिटमा खुम्चिएको कांग्रेस लोकप्रिय मतमा पनि निकै पछि (१९ प्रतिशत) मात्र थियो । युपिए गठबन्धनले जम्मा ६० सिट जितेको थियो । भाजपाले बहुमत सिट जिते पनि ३२ प्रतिशतभन्दा कमै लोकप्रिय मत पाएको थियो ।

मार्च दोस्रो साता नै कांग्रेस कम्युनिस्ट लगायतका पार्टीले आआफ्ना घोषणापत्र सार्वजनिक गरिसकेका छन् । यसपटक मुख्य प्रतिपक्षी दल कांग्रेसले विश्वव्यापी आधारभूत आम्दानी (युनिभर्सल बेसिक इन्कम) को कुरा उठाएको छ । उसले गरिब र असहाय परिवारलाई कम्तीमा वर्षको ७२ हजार रुपैयाँ कमाउन सक्ने बनाउने वा सहुलियत उपलब्ध गराउने प्रतिज्ञा गरेको छ । यता भारतीय जनता पार्टीले ३ वटा अमूर्त एजेन्डा अगाडि सारेको छ । पहिलो राष्ट्रियता दोस्रो गरिबका लागि लोककल्याण र तेस्रो कानुनी शासन । एक महिनाअघि पाकिस्तानको बालाकोट एयर स्ट्राइकको मञ्चनलाई राष्ट्रियतासँग जोडेको छ । अर्को आफैंले छाडेको स्याटलाइटलाई बम हानेर धूलोपिठो पारेकोलाई आफूहरु शक्तिशाली राष्ट्रको कोटीमा पुगेको बताएको छ । अन्य सहायक मुद्दामा मेक इन इन्डिया नारा लगाएको बिजेपीले यसपटक स्ट्रग इन्डियाको नारा लगाएको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अमेरिका फस्ट नारा लगाए जस्तै ।

यसका अतिरिक्त कास्मिरका विषयमा भारत र पाकिस्तान सम्बन्ध, बिमस्टेक, चीनको बेल्ट रोड (वीआरआई) गर्ने नगर्ने र छिमेकीबारे धेरथोर टिप्पणी गरेको छ । भाजपाले फेरि पनि छिमेकीलाई प्राथमिकतामा राखेको छ । तर सार्कबारे कुनै शब्द घोषणा पत्रमा उल्लेख गरेको छैन । गोर्खाल्यान्ड माग गर्दै आन्दोलन गर्दै आएका दार्जिलिङबासीलाई फकाउन त्यहाँका ११ जातिलाई जनजातिको मान्यता दिलाउने घोषणा गरेको छ । भाजपाले सन् २०१४ को चुनावमा पनि यस्तै प्रतिबद्धता गरेको थियो । तर पाँच वर्षभित्र पनि भाजपा नेतृत्वको सरकारले भुजेल, गुरुङ, मगर, नेवार, जोगी, खस, राई, सुनार, थामी, यखा (देवान) धिमाल जातिलाई जनजातिको मान्यता दिने विधेयक कहिल्यै लोकसभामा लगेन । गोर्खा मुक्ति मोर्चा लगायतका संगठनले भाजपामाथि दार्जिलिङलाई धोका दिएको आरोप समेत लगाएको छ । दार्जिलिङ पहाड, सिलिगुडी, र डुबर्स क्षेत्रको मागको स्थायी राजनीतिक समस्या समाधान खोज्नका लागि त्यसतर्फ काम गर्न प्रतिबद्ध रहेको पनि भाजपाले घोषणापत्रमा उल्लेख गरेको छ । घोषणापत्र दलहरुको प्रतिबद्धता पत्र मानिन्छ साथै संस्थागत संरचना निर्माण र परिवर्तनकारी सोचको जानकारी पत्र समेत हो ।

जम्मु कास्मिरमा हार्डलाइन सोच भाजपाले अघि सारेको छ र अयोध्यामा राम मन्दिर निर्माणको विषयलाई उठाएको छ । यी विषयले विगतमा ठूलो विवाद निम्त्याएका थिए । यसबाट भारतीय समाज झन् विभाजित हुने देखिन्छ । समग्रमा हेर्दा भारतीय निर्वाचनमा उठेका मूल मुद्दा कृषि क्षेत्रको सम्बोधन, रोजगारमूलक औद्योगिकीकरण र भारत पाक अन्तर सम्बन्धकै वरिपरि छन् । विगतमा कांग्रेसले भ्रष्टाचार गऱ्यो, सुशासन दिन्छौं भन्दै आएको भाजपा झनै ठूलो भ्रष्टाचारको दलदलमा फसेको छ । पञ्जाब नेसनल बैंक र आईसीसी आई बैंक लुटकाण्ड र राफेल जेट विमान खरिद घोटाला काण्डले भाजपा बदनाम भएको छ । चौकिदार चोर भयो भन्ने कांग्रेसको भनाइप्रति भारतीय मतदाता आकर्षित हुने सम्भावना बढेको छ । भाजपाले दोहोऱ्याएर कहिल्यै जितेको छैन । कट्टर हिन्दुवादी दल भाजपाप्रति मुस्लिम समुदाय मात्र होइन, लेखक, वकिल, कलाकार र प्रेस जगत समेत सन्तुष्ट छैनन् ।

## कहालिलाग्दो...

वर्षको सात महिनामा नेपालले गरेको विश्व बजारसँगको कुल व्यापारमा नेपालले ६ प्रतिशत बस्तु मात्र निर्यात गरेको छ । यसैगरी कुल विश्व बजारसँग व्यापारमा ९४ वस्तु आयात गरेको छ । विश्वबजारसँग नेपालको व्यापारघाटा दैनिक बढ्दै गएको छ । नेपालले विश्व बजारबाट धेरै वस्तु आयात गर्ने तर कम निर्यात गर्ने हुँदा नेपालको विश्व व्यापारसँगको दैनिक व्यापारघाटा बढ्दै गएको हो ।

केन्द्रको तथ्यांक अनुसार चालु आर्थिक वर्ष २०७५।७६ को सात महिनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिमा २२ दशमलव ७ प्रतिशतले वृद्धि भएको छ । नेपालका वैदेशिक व्यापारघाटा सबैभन्दा धेरै छिमेकी राष्ट्र भारत र चीनसँग बढदै गएको छ । यसैगरी २०७५।७६ को सात महिनामा पेट्रोलियम पदार्थमा १ खर्ब २० अर्ब ७ करोड आयात भएको छ । फलाम तथा स्टिल र तिनका उत्पादनको आयातमा ४१ द्यशमलव ६ प्रतिशतले वृद्धि भई १ खर्ब ९० करोड मूल्य बराबरको समान आयात भएको छ । मेसिनरी तथा पाटपुर्जाको आयात भने ४ प्रतिशतले घटेको छ । सो मेसिनरी तथा पाटपुर्जा ६८ अर्ब ७४ करोड आयात भएको केन्द्रको तथ्यांकले देखाएको छ ।

यातायातका साधन र पाटपुर्जामा ५६ अर्ब ८ करोड आयात भएको छ । यस्तै इलेक्ट्रिक र इलेक्ट्रोनिक सामग्रीहरुमा गत वर्षको भन्दा ३.३ दशमलव ६ प्रतिशतले वृद्धि भई ३४ अर्ब २७ करोड मूल्य बराबरको सामान आयात भएको छ । केन्द्रको तथ्यांकमा चालु आर्थिक वर्षको सात महिनामा खाद्यजन्य वस्तुको आयातमा २० दशमलव ४ प्रतिशतले वृद्धि भएको छ भने ३२ अर्ब ५२ करोड मूल्यको आयात भएको छ । हवाईजहाज तथा हवाईजहाजका पाटपुर्जाको आयातमा २२७ दशमलव ९ प्रतिशतले वृद्धि भएको छ । १८ अर्ब ९८ करोड मूल्य बराबरको सामग्री आयात भएको छ ।

तयारी पोसाक आयातमा गत वर्षको तुलनामा १६८ दशमलव ५ प्रतिशतले वृद्धि भएको छ । २१ अर्ब २९ करोड रुपैयाँको तयारी पोशाक आयात भएको छ । सुनको आयातमा १५ दशमलव ९ प्रतिशतले वृद्धि भई २० अर्ब ५५ करोड मूल्यको सुन भित्रिएको छ । यसैगरी औषधिको आयातमा १४ दशमलव १ प्रतिशतले वृद्धि भई १८ अर्ब ९५ करोड रुपैयाँको आयात भएको छ । पोलिथिन ग्रेन्युन्सको पनि बढेको छ । १३ अर्ब ६७ करोडको आयात भएको छ । १० अर्ब ६४ करोड बराबरको रासायनिक मल आयात भएको छ भने ९ अर्ब ७ करोड बराबरको सिमेन्ट क्लिंकर आयात भएको छ । दूरसञ्चार सामग्रीको आयातमा १५ अर्ब ४८ करोड विदेशिएको छ ।

## एकतर्फी...

**कोटेश्वरबाट भक्तपुरतर्फ** : एक मिनेटमा औसत ७६ मोटरसाइकल र ३४ गाडी गुड्छन् । बिहान पाँच हजार ६ सय ६५ मोटरसाइकल र चार हजार ३० गाडी तथा साँझमा १२ हजार आठ सय ८७ मोटरसाइकल र चार हजार एक सय ४० गाडी गुड्छन् । पुतलीसडक क्षेत्रमा व्यस्त समयमा प्रतिमिनेट एक सय ५६ मोटरसाइकल र ६१ गाडी गुड्छन् ।

**ललितपुरबाट काठमाडौं (कुपन्डोल–थापाथली)** : यो सडकमा प्रतिमिनेट ६२ मोटरसाइकल र २४ गाडी गुड्छन् । बिहान आठ हजार तीन सय ८६ मोटरसाइकल र तीन हजार तीन सय ३० गाडी तथा साँझ ६ हजार पाँच सय ३४ मोटरसाइकल र दुई हजार पाँच सय ३० गाडी गुड्ने गरेका छन् ।

**थापाथलीबाट कुपन्डोलतर्फ** : प्रतिमिनेट ३६ मोटरसाइकल र १३ गाडी गुड्छन् । बिहान ६ हजार एक सय १६ मोटरसाइकल र दुई हजार तीन सय ७७ गाडी तथा साँझमा सात हजार आठ सय ८७ मोटरसाइकल र तीन हजार तीन सय ४६ गाडी गुड्छन् ।

**सुन्धारा चोकबाट रत्नपार्कतर्फ** : यो क्षेत्रमा एक मिनेटमा ९९ मोटरसाइकल र ५९ गाडी गुड्छन् । बिहान ११ हजार एक सय ८२ मोटरसाइकल र सात हजार सात सय ३७ गाडी तथा साँझपख १२ हजार सात सय २० मोटरसाइकल र ६ हजार चार सय सात गाडी गुड्छन् ।

**रत्नपार्क–भद्रकाली सडक** : एक मिनेटमा ८४ मोटरसाइकल र ५० गाडी गुड्छन् । बिहान नौ हजार तीन सय ९७ मोटरसाइकल र पाँच हजार सात सय ६९ गाडी तथा साँझ १० हजार ६ सय ३२ मोटरसाइकल र ६ हजार तीन सय ७३ गाडी गुड्छन् । टुँडिखेल क्षेत्रमा व्यस्त समयमा एक मिनेटमा एक सय ८३ मोटरसाइकल र एक सय नौवटा गाडी गुड्छन् ।

## नागरिकता...

दलालको क्याबिनेटमा र संसदमा ठूलो मात्रामा घूसपैठ भइसकेको छ । यी दलालहरुलाई जनताले नांगेझार बनाउन ढिला भइसकेकाले राष्ट्रियता र सार्वभौमिकता जोगाउन सबै देशभक्तहरु एकजुट हुन आवश्यक रहेको धारणा वक्ताहरुले राखेका थिए । मन्तव्य प्रस्तुत गर्नेहरुमा नेकपा (माले) महासचिव सीपी मैनाली, नेकपा (मसाल) का प्रवक्ता रामप्रकाश पुरी, राष्ट्रिय जनमोर्चाकी नेतृ मीना पुन, राष्ट्रिय जागरण परिषद्का संयोजक साध्यबहादुर भण्डारी, वरिष्ठ अधिवक्ता बोर्णबहादुर कार्की, जनसमाजवादी पार्टीका महासचिव सुवासराज काफ्ले, माथिल्लो कर्णाली बचाउ राष्ट्रिय अभियानका अध्यक्ष भरतबहादुर शाहीलगायत हुनुहुन्थ्यो ।

## राष्ट्रियताको...

सीमा वारपार गर्नेले परिचयपत्र प्रस्तुत गर्नुपर्ने तथा सीमा रेखामा तारवार लगाई निश्चित सीमा-नाकाबाट मात्र आवत-जावत गर्न दिने जस्ता वैकल्पिक व्यवस्था पनि प्रभावकारी हुनसक्छ ।

सीमा व्यवस्थापनलाई नियमित, व्यवस्थित, नियंत्रित गर्ने कार्यमा सहयोग पुऱ्याउन सेना तथा सुरक्षा बलको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । यस्तै, सीमाको सुरक्षा तथा संरक्षण गर्ने काममा पनि सैनिक बलको ठूलो योगदान रहन जान्छ । यस्ता कार्य गर्न अध्यागमन तथा भन्सार अधिकारी एवम् राष्ट्रिय सुरक्षा परिषद्का पदाधिकारीसँग समन्वय हुनुपर्छ ।

मूलतः सीमावर्ती क्षेत्रमा तैनाथ गरिएका सेना बलले भन्सार राजश्व चुहावट नियन्त्रण तथा राजश्व अभिवृद्धि गर्ने कार्यमा प्रत्यक्षरूपले सहयोग पुऱ्याउन सक्छ । यस कार्यअन्तर्गत सीमामा चोरी-निकासी नियन्त्रण गर्न सीमा-नाकामा सशक्त प्याट्रोलिङ गर्ने काम सेनाले गर्न सक्छ । अवैध कारोबारमा रोकावट ल्याउन गस्ती गरी मद्दत पुऱ्याउने, तस्कर नियन्त्रण गर्न सीमावर्ती क्षेत्रका तस्करहरू पत्ता लगाई काबूमा लिने, भन्सार शुल्क तिरी मालसामान आयात-निर्यात गर्न व्यवसायी व्यापारीलाई बानी पार्ने काममा सेनाको भूमिका रहन सक्छ । यसका लागि सीमामा तैनाथी सेनाबलले भन्सार ऐन नियमावलीको ज्ञान हासिल गरेमा कार्य दक्षता र कार्य कुशलता बढ्ने हुन्छ ।

सीमा सुरक्षाका सम्बन्धमा सेनाले सीमारेखाको संरक्षणका लागि प्याट्रोलिङ गर्ने कार्यमा पनि योगदान पुऱ्याउनसक्ने हुन्छ । जंगे सीमा खम्बाहरू भत्काउने, फुटाउने, लोप गर्ने व्यक्तिलाई नियन्त्रण गर्न निमित्त गस्ती गर्ने कार्य सेना बलबाट हुनसक्छ । सिमानाको दशगजा क्षेत्र (No-man's land) स्पष्ट राख्न मद्दत पुऱ्याउने कार्य गरी देशको सीमा मिचिने क्रियाकलापमा निगरानी राख्दै राष्ट्रको भू-भाग संकुचन हुने गतिविधिमा रोक लगाउन सक्ने हुन्छ । यसरी राष्ट्रको भू-भाग जगेर्ना गर्ने काममा सेनाले महत्त्वपूर्ण भूमिका निभाउन सक्छ । यस कार्य तदारुकतासाथ गर्न सेनाले सीमा नक्सा पढ्ने ज्ञान हासिल गर्नुपर्छ । नजरी नक्सा (Eye Sketch) तयार गर्ने शीप हासिल गर्नुका साथै नापी सर्भेक्षणको सामान्य ज्ञान गरेको पनि हुनु राम्रो मानिन्छ ।

यसबाहेक देशको शान्ति सुरक्षा अमनचैन कायम गर्ने तथा विध्वंसात्मक गतिविधि नियन्त्रण गर्ने काममा पनि सीमामा तैनाथी सेनाबलले अप्रत्यक्षरूपमा योगदान पुऱ्याउन सक्छ । सम्माननीय प्रधानमन्त्रीको २०६१ भदौ १७ गते सम्पन्न भारत भ्रमणका अवसरमा दुवै देशमा शान्ति अमनचैन कायम राख्न र आतंककारीसँग सामना गर्न सीमामा संयुक्त सैन्य गस्तीका लागि प्रबन्ध गर्ने भन्ने संयुक्त प्रेस विज्ञप्तिले पनि सीमा व्यवस्थापनमा सेनाको भूमिकाको महत्त्व बुझ्न सकिन्छ ।

सीमा व्यवस्थापनमा सेना संलग्न गराउन निमित्त २०५७ चैत १ देखि सीमामा रहेका भन्सार गस्ती कार्यका लागि नेपाली सेना परिचालन गरिएको थियो । ७ मूल भन्सार र ५७ छोटी भन्सार नाकामा ४१० जवान सैनिक तैनाथ भएका थिए । भन्सार गस्तीमा नेपाली सेनाको तैनाथीपछि तस्करी एवम् अवैध व्यापारमा निकै कमी आएको थियो । सेना परिचालनको क्रममा वीरगंजमा सुरुको १७ दिनमा अवैध तरिकाले भित्राउन लागेको १८ मोटर गाडी जफत गरियो । यस्ता सवारी साधन लिलाम बढाबढ विक्री गरेर ८४ लाख २८ हजार राजश्व संकलन भयो । यसका प्रभावका कारण व्यापारीहरूले भन्सार नाकाबाटै सामान ल्याई शुल्क बुझाउने परिपाटीमा सचेतता आउन थाल्यो । यद्यपि केही व्यापारीले गस्तिका लागि सेना परिचालन गरेको विरोध पनि गरे । खासगरी झापा जिल्लाका व्यापारीले खुलेरै विरोध दर्शाए । सीमामा रहेको भन्सार गस्तीका लागि सेना परिचालन कार्य रोकाउन केही मारवाडी व्यापारी दिल्लीतर्फ हुँइकिए । तर रोक्न रोकाउन सकेनन् ।

भन्सार गस्तीमा सेना तैनाथ गरिएको वर्ष २०५७ देखि २०५९ सालको माध्यभागसम्म सेनाको काम निकै प्रभावकारी रह्यो । यसको परिणाम राम्रो देखिएको थियो । तर त्यसबेला माओवादी गतिविधि बढ्नाको कारणले सेना चाहेजति मात्रामा प्रभावकारी हुन सकेन । किन कि सेनाको गस्ती मूल भन्सार क्षेत्रभित्र मात्रै सीमित रहन थाल्यो । माओवादीका कारण छोटी भन्सार इलाका र अन्य सीमारेखाको गस्तीमा सेना जान सकेन । जुन ठाउँबाट चोरी-निकासी हुने हो, त्यस्ता नाकामा सेना उपस्थित हुन सकेन । तस्करी हुने ठाउँ नै मूल भन्सारभन्दा बाहिर भएको , तर, परिस्थितिविवस त्यहाँ सेना प्रभावकारी रुपमा सञ्चालन हुन सकेन ।

समयक्रमअनुसार सीमामा रहेका भन्सार क्षेत्रबाट हुने चोरी निकासी र तस्करी रोक्न परिचालन गरिएको सेना बलको काम कार्वाही २०६१ भदौ १ देखि क्रमशः सशस्त्र प्रहरीलाई हस्तान्तरण गर्दै लगियो । त्यसै वर्षको कार्तिक १ देखि सम्पूर्ण काम सशस्त्र प्रहरी बलले संचालन गर्न थाल्यो ।

भन्सार गस्ती साथै अपराध नियन्त्रणका लागि समेत सरकारको २०६३ फागुन २१ को निर्णयानुसार तराईका २० मध्ये १६ जिल्लामा (चितवन, कपिलवस्तु, दाङ र कैलाली बाहेक) हालसम्म ४ हजार २ सय ७२ सशस्त्र प्रहरी बल तैनाथ भएका छन् । यस अनुसार १६ जिल्लामा ११२ चौकीको अनुपातमा एक जिल्लामा सालाखाला ७ चौकी स्थापना गरिएका छन् । त्यस्ता प्रत्येक चौकीमा सालाखाला ३८ जवान सशस्त्र प्रहरी बल तैनाथ गरिएका छन् । सीमाको हिसाबमा १६ जिल्लामा करिब १ हजार ८४ किलोमिटर लामो सीमारेखा रहेको छ । यस सीमारेखाभित्र सालाखाला ११२ चौकी स्थापना गरिएका छन् । प्रत्येक १० किलोमिटर दूरीमा रहेका यस्ता प्रत्येक चौकीमा सालाखाला ३८ जवान रहेको पाइन्छ । यसअनुसार प्रत्येक १ किमि सीमारेखामा लगभग ४ जवान सशस्त्र प्रहरीबल तैनाथ भएको हिसाब निक्लन्छ । यस्तै, संविधानसभा निर्वाचनको सन्दर्भमा समेत सुरक्षा व्यवस्थाका निम्ति नेपाल प्रहरीले २०६४ भदौ ३१ मा नेपाल-भारत सीमालाई ३ वर्गीकरणमा विभाजन गरेको छ । यसअनुसार पर्सादेखि सप्तरीसम्मको ८ जिल्लालाई अति संवेदनशील सीमा क्षेत्र, कञ्चनपुरदेखि चितवन तथा सुनसरीदेखि झापासम्मको १२ जिल्लालाई संवेदनशील सीमा र इलाम-ताप्लेजुङ तथा डडेलधुरा-दार्चुला गरी ६ जिल्लालाई सामान्य सीमा क्षेत्र तोकेको छ ।

छिमेकी मुलुक भारतले नेपालसँग जोडिएको आफ्नो सिमानामा सीमा सुरक्षाका लागि के-कस्तो व्यवस्था गरेको छ भन्ने सम्बन्धमा पनि उल्लेख गर्नु प्रासांगिक नै होला । भारतले भारत-नेपाल सिमानामा २०५९ वैशाख २१ मा १० हजार सशस्त्र सेना बल (एस्एस्बी) तैनाथ गरेको थियो । २०६१ भदौ २५ मा ३० हजार संख्या पुऱ्यायो । २०६२ पुस १७ देखि यो संख्या हाल ४५ हजार पुगेको छ । २०६५ चैतसम्ममा सेनाबलको संख्या ७० हजार पुऱ्याउने लक्ष्य रहेको बुझिन्छ ।

सुरक्षाका हिसाबले भारतले नेपालसँगको आफ्नो सीमारेखालाई ३ सेक्टरमा विभाजन गरेको छ । प्रथमतः संवेदनशील सीमाक्षेत्र रहेको छ । यस सेक्टरमा नेपालको कञ्चनपुरदेखि नवलपरासीको ९ जिल्लाको ७२५ किमि लामो सीमारेखा पर्दछ । यसमा सालाखाला ४ किमिमा १ पोष्ट रहेको छ । यस्ता १ पोष्टमा सालाखाला ४० जवान रहेको छन् । यसको मतलव १ किमिमा १० जवान सेनाबल पर्दछ ।

दोस्रो वर्गीकरण, निगरानीपूर्ण सीमाक्षेत्र हो । यो सेक्टरमा नेपालको चितवनदेखि झापासम्मका १३ जिल्लाको ७८० किमि सीमारेखा पर्दछ । यसमा सालाखाला ६ किमिको दूरीमा १ पोष्ट रहेको छ । प्रत्येक पोष्टमा सालाखाला १३ देखि ३४ जवान सेना रहेका छन् । तेस्रो वर्गीकरण, सामान्य सीमाक्षेत्र नामाकरण गरिएको छ । यस सेक्टरमा नेपालको झापाउत्तर र कञ्चनपुरउत्तरका ४ जिल्लाको ३०३ किमि सीमारेखा पर्छ । यस क्षेत्रमा सालाखाला १५ किमिमा १ पोष्ट रहेको छ । १ पोष्टमा ८ देखि १३ जवान सेना तैनाथ गरिएको छ ।

माथि उल्लिखित तीनै सेक्टरको सालाखाला हिसाब गर्दा भारतले १ हजार ८ सय ८ किमि लामो भारत-नेपाल सीमारेखाको प्रत्येक १ किमि सीमारेखामा २५ जवान सैनिक तैनाथ गरेको पाइन्छ । यसको मतलव सालाखाला प्रत्येक ४० मिटरको दूरीमा १ सैनिकको उपस्थिति रहेको छ । भारतमा ULFA, RIM, PWG, MCC तथा अन्य आतंकवादी गतिविधि बढेकोले सिमानामा सेनाको तैनाथी बढाइएको हुनसक्छ भन्ने धेरैको धारणा रहेको बुझिन्छ ।

नेपालको सीमाक्षेत्रमा पनि आपराधिक क्रियाकलाप र आतंककारी गतिविधि नियन्त्रण गर्न सशस्त्र सेनाबलको धेरै महत्त्व रहेको छ । सीमामा सेना सुरक्षा बढाइएमा अन्तर-सीमा अपराध, चोरी, डकैती, हत्या, बलात्कार रोकथाम हुनसक्छ । सीमावर्ती क्षेत्रमा नेपाली सेनाको भूमिका बढाइएमा अपराधीहरू नेपालबाट आई भारतमा आतंक मचाउछन् भन्ने भारतीय लान्छना नेपालले खेपिरहनुपर्ने हुँदैन । समयको मागअनुसार नेपाल र भारत दुवै देशको आपसी समन्वयका आधारमा हाल विद्यमान खुला सीमा व्यवस्थापनलाई नियमित तथा व्यवस्थित बनाउने र सीमारेखाको सुरक्षा गर्ने काममा सेना बलको अहम् भूमिका रहनुपर्छ ।